सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ भदौ २०८०, शनिबार (19 Aug 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ अंगदानमा महिला उदार

मिर्गौला फेर्ने ७९% पुरुष, दिने ७१% महिला

१९ हजारले कुरिरहेका छन् मिर्गौला प्रत्यारोपण

हरेक वर्ष तीन हजारको मिर्गौला र एक हजारको कलेजो फेल

■ कुन सरकारी अस्पतालमा कति मिर्गौला प्रत्यारोपण ?

मानव अंग प्रत्यारोपण केन्द्र : १०९७ जना

त्रिवि शिक्षण अस्पताल : ८०० जना

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा : ८ जना

कलेज अफ मेडिकल साइन्सेस, चितवन : ४ जना

कर्णाली प्रादेशिक अस्पताल, सुर्खेत : २ जना

शिवहरि घिमिरे/नयाँ पत्रिका

आफन्तको जीवन जोगाउन गरिने अंगदानमा पुरुषको तुलनामा महिलाले उच्च योगदान गर्ने गरेका छन्। नेपालमा सबैभन्दा बढी प्रत्यारोपण हुने अंग मिर्गौलाको हकमा १५ वर्षयताको सरकारी तथ्यांक हेर्दा प्रत्यारोपण गर्नेमध्ये ७९ प्रतिशत पुरुष छन् भने दान दिने ७१ प्रतिशत महिला छन्।

देशभर पाँचवटा सरकारी स्वास्थ्य संस्थामा मात्रै मिर्गौला प्रत्यारोपण हुने गरेको छ। भक्तपुरको मानव अंग प्रत्यारोपण (सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र), महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, चितवनको कलेज अफ मेडिकल साइन्सेस (पुरानो मेडिकल कलेज) र सुर्खेतको कर्णाली प्रादेशिक अस्पतालमा प्रत्यारोपण सेवा छ। यी अस्पतालमा कुल एक हजार नौ सय ११ जनाले मिर्गौला फेरेकोमा एक हजार पाँच सय नौ पुरुष (७९%) र चार सय दुई महिला (२१%) छन्। तर, मिर्गौला दान दिने भने कुल एक हजार नौ सय ६ जनामा पुरुष जम्मा पाँच सय ५४ (२९%) र महिला एक हजार तीन सय ५२ (७१%) छन्। पाँचजनामा भने


» पृष्ठ २ मा क्रमशः

मिर्गौला फेर्ने

(देशभर पाँचवटा सरकारी स्वास्थ्य संस्थामा)

जम्मा : १,९११

१,५०९ पुरुष ■ महिला ४०२



मिर्गौला दिने

जम्मा : १,९०६

५५४ पुरुष ■ महिला १,३५२

(बाँकी पाँचजनामा ब्रेनडेथ भएका व्यक्तिको मिर्गौला प्रत्यारोपण गरिएको छ)

कमाइ गरेर खानुपर्छ भन्नेजस्ता बहाना बनाएर पुरुष श्रीमतीलाई समेत अंग दिन मान्दैनन्



● **डा. पुकारचन्द्र श्रेष्ठ,** कार्यकारी निर्देशक, मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर

श्रीमतीले मिलेसम्म आफ्नै अंग श्रीमान्लाई दिन्छन्, मिलेन भने माइती पक्षबाट भए पनि अंगदान गर्न माग गर्छिन्, छोरीले पनि बुबाआमालाई सहजै अंगदान दिन्छन्। तर, श्रीमान्ले श्रीमतीलाई अंग दिन मान्दैनन्, कमाइ गरेर खानुपर्छ भन्नेजस्ता बहाना बनाएर पन्छिन्छन्। अंगदान दिँदैमा आयु घट्दैन, बरु स्वास्थ्य झन् राम्रो हुन्छ। अंगदान गर्ने व्यक्तिले हरेक वर्ष स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्यप्रति बढी चासो दिने, खानपानमा ध्यान दिने भएकाले स्वस्थ जीवन बाँच्न झन् सघाउने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको छ। तर, अंग दिँदा पनि महिला र पुरुष भनेर विभेद भइरहेको छ, यसको अन्त्य हुनुपर्छ। अन्य देशमा यस्तो विभेद छैन।

महिलाको उदार भावनाले आफन्तभित्रका कैयौंको ज्यान बचेको छ



● **पवनराज चालिसे,** विभागीय प्रमुख, युरोलोजी तथा मिर्गौला प्रत्यारोपण सर्जरी विभाग, त्रिवि शिक्षण अस्पताल

अंग बिग्रिएकाहरूलाई सबैभन्दा बढी महिलाहरूले अंगदान गरेका छन्। उनीहरूमा भएको उदार भावनाले आफन्तभित्रका कैयौंको ज्यान बचेको छ। महिलाले नै अंग दिनुपर्छ भन्ने मान्यता हाम्रो समाजको रिफ्लेक्सन नै हो, यसलाई अन्त्य गर्न जरुरी छ। यसबारे पर्याप्त जनचेतना प्रवाह गर्न सरकारले स्वास्थ्य तथा चिकित्सा शिक्षामा लगानी गर्नुपर्छ। अर्को, राजनीतिक प्रतिबद्धता भयो भने पनि जटिल रोगका बिरामीले केही सहजता महसुस गर्न सक्छन्। नेपालमा मिर्गौला, कलेजोलगायत अंगदानबारे बनेको कानुनले नातामा मात्रै दिन सकिने भनेको छ। यसबाहेक मस्तिष्कघातपछि मृत्यु भएकाको अंग लिएर जीवित व्यक्तिमा प्रत्यारोपण गर्न सकिने कानुनी प्रावधान बनिसकेको छ। तर, यसको कार्यान्वयनमा सरकारी निकायले चासो दिएको देखिँदैन। मस्तिष्कघातबाट मृत्यु भएकाको अंग निकाल्न कतिपय ठाउँमा प्रहरी पनि बाधक बनेको पाइन्छ। मस्तिष्कघातबाट मृत्यु भएका व्यक्तिबाट अंग लिनेबारे सरकारी निकाय नै जिम्मेवार हुनुपर्छ र सोहीअनुसारको मेडिकल संरचना तयार पार्नुपर्छ।

■ कलेजो दिने पनि महिला नै बढी

मिर्गौला मात्रै होइन अन्य अंगदानमा पनि महिला नै अग्रसर छन्, पुरुष पन्छिने गरेका छन्। मानव अंग प्रत्यारोपण केन्द्रमा हालसम्म ११ जनाले कलेजो दान गरेकामा सात महिला, एक पुरुष र मस्तिष्कघात भएर मृत्यु भएकाहरू तीनजना छन्। जब कि लिनेमा भने महिला एकजना मात्रै र पुरुष १० जना छन्। त्रिवि शिक्षा अस्पतालमा हालसम्म १० जनाले कलेजो प्रत्यारोपण गराएका छन्। सबै पुरुष नै छन्। जसमा दान दिने भने महिला सातजना र पुरुष तीनजना छन्। विश्वभर नै सबैभन्दा जटिल अंग प्रत्यारोपण मानिएको कलेजो प्रत्यारोपण नेपालमा पहिलोपटक २३ मंसिर ०७३ मा गरिएको थियो। मानव अंग प्रत्यारोपण केन्द्रमा बलराम नागको आठ घन्टा लगाएर सफल प्रत्यारोपण भएको थियो। त्यसपछि १८ जेठ ०७६ देखि टिचिङ अस्पतालले पनि कलेजो प्रत्यारोपण थाल्यो।

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले कलेजो प्रत्यारोपण अन्य सरकारी अस्पतालमा पनि विस्तार गर्ने तयारीमा रहेको बताए। प्रदेशस्तरका अस्पतालमा पनि अंग प्रत्यारोपण सुविधा लैजाने र केन्द्रको भिडलाई कम गर्ने उनको योजना छ। 'अहिले नेपालबाट कलेजो तथा अंग प्रत्यारोपण गर्न विदेश जानेको संख्या पनि ठूलो छ, कलेजो प्रत्यारोपण झन् कठिन भएको छ, यसलाई सरकारले सहज बनाउँछ,' उनले भने, 'वीरलगायत अन्य अस्पतालमा पनि यो सेवा सुरु हुन्छ, अन्य ठाउँको बजेट तानेर भए पनि यसमा लगानी गर्छौं।'

कलेजो प्रत्यारोपणका बिरामीले पाउँदैनन् सरकारको सहयोग

सरकारले अन्य अंग प्रत्यारोपण र कलेजो प्रत्यारोणका बिरामीलाई दिने सहुलियतमा विभेद गरेको छ। अन्य प्रत्यारोपणमा सहुलियत दिने भए पनि कलेजोमा नदिँदा बिरामी मारमा परेका छन्। भारत गएर कलेजो प्रत्यारोपण गरेकी दीक्षा डंगोलले झन्डै एक करोड खर्च भएको सुनाइन्। 'नेपालमा कोही सर्वसाधारणले जटिल किसिमको रोग लाग्यो भने निकै दुःख पाउँछ, अझ कलेजो प्रत्यारोपणमा सरकारले सहयोगसमेत गर्दैन, अर्को कुरा यो सीमित अस्पतालमा मात्रै हुँदो रहेछ,' उनले समस्या सुनाइन्, 'मैले भारतमा गएर कलेजो प्रत्यारोपण गराउँदा झन्डै एक करोड खर्च भएको थियो।'

हाल सरकारले मिर्गौला, क्यान्सर, हेपाटाइटिस बी, एचआइभी एड्सजस्ता जटिल रोगका बिरामीको उपचारमा सहुलियत र अनुदान दिँदै आएको छ। तर, कलेजोका बिरामी भने यो सेवाबाट वञ्चित छन्। सरकारले मिर्गौलालगायत घातक रोगका बिरामीलाई वार्षिक एक लाखदेखि दुई लाख ५० हजारसम्म उपचार खर्च दिँदै आएको छ। मिर्गौला प्रत्यारोपणका लागि थप पाँच लाख दिने गरेको छ। मानव अंग प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ भन्छन्, 'कलेजो फेल भएका बिरामीले उपचारमा ठूलो खर्च गर्नुपर्छ, गरिबलाई यस्तो रोग लाग्यो भने मर्नुको विकल्प नहुने अवस्था छ, तर सरकार यसमा अनुदान शुल्क दिँदैन।'

प्रधानमन्त्रीको चीन भ्रमणअघि नै सर्वसाधारणका लागि तातोपानी नाका खोल्ने तयारी

सीमाबाट ३० किमि क्षेत्रमा बसोवास गर्नेलाई हरियो र अरूलाई वान डे पास दिइने


सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणअघि नै तातोपानी (कोदारी) नाका सर्वसाधारणका लागि खोल्ने तयारी गरिएको छ।

नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको ११औं बैठकले तातोपानी नाकालाई दुई महिनाभित्रै मानवका लागि समेत खुला गर्ने सहमति गरेअनुसार सेप्टेम्बरभित्र खुला गर्न थालिएको हो। 'ल्हासा बैठकमा भएको समझदारीअनुसार सेप्टेम्बरभित्र नाका पूर्ण रूपमा खुला हुँदै छ,' सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी रमेश न्यौपानेले भने,

» पृष्ठ २ मा क्रमशः

■ खासा घुम्न जाने नेपालीले ब्ल्यांकेट, लुगा र घरायसी विद्युतीय सामान किन्न पाउने



हालका लागि लिपिडपारि १५, रमिते र खासा क्षेत्रमा तीन पसल सञ्चालनमा ल्याइने भएको छ। तातोपानीबाट गएका नेपालीले ब्ल्यांकेट, लुगा र घरायसी विद्युतीय सामान किन्न पाउने व्यवस्था गरिँदै छ। मानिस आवतजावत भएको केही महिनासम्म खासा क्षेत्रमा पुगेपछि सोही दिन फर्कनुपर्नेछ। खासाका बासिन्दा सबै आएर होटेल तथा पसल सञ्चालनमा आएपछि मात्रै नेपाली पर्यटक खासा बस्न पाउनेछन्।

■ डोल्पाको बाटो



डोल्पामा **रामचन्द्र न्यौपाने**

भेरी करिडोरअन्तर्गत डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५ अनारदुलामा पहिरो खसेपछि पाँच दिनदेखि चारपाग्रे सवारीसाधनको आवागमन ठप्प छ। मोटरसाइकल भने जोखिम मोलेर वारपार भइरहेका छन्। मालवाहक गाडीको आवागमन ठप्प हुँदा डोल्पामा खाद्यवस्तु पनि महँगिन थालेको छ। डोल्पा जोड्ने मुख्य सडक अवरुद्ध भए पनि पहिरो पन्छाउन सरकारी निकाय उदासीन छन्। त्रिपुरासुन्दरीले पहिरो पन्छाउने काम आफ्नो नभएको बताएको छ भने भेरी करिडोर कार्यालय जाजरकोटले पनि चासो दिएको छैन। सडक अवरुद्ध भएपछि डोल्पाबाट जिल्लाबाहिर जाने र जिल्लाबाहिरबाट डोल्पा आउने यात्रु गाडी परिवर्तन गरेर आवतजावत गरिरहेका छन्।

कृषि परियोजनामा भ्रष्टाचार गर्ने तीन दोषी ठहर



शालिग्राम कोइराला



खुसीप्रसाद थारू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत लक्ष्मी माध्यमिक विद्यालय हाताभित्र आधुनिक नर्सरी निर्माण प्राविधिक शिक्षालयका नाममा पाँच लाख रुपैयाँ निकासा गरिएको थियो। तर, उक्त रकम अन्तै पठाएर भ्रष्टाचार गरेको भेटिएपछि चितवनमा सञ्चालित परियोजनाका कार्यालय प्रमुख सोमनाथ घिमिरे, नारायणी एग्रोका सञ्चालक बालिकाकुमारी गिरी र कम्पनीका संस्थापक सदस्य गोपीनाथ भुसाललाई विशेष अदालतका न्यायाधीशद्वय शालिग्राम कोइराला र खुसीप्रसाद थारूको संयुक्त इजलासले दोषी ठहर गरेको छ।

काठमाडौं/ विशेष अदालतले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा भ्रष्टाचार गर्ने तीनजनालाई भ्रष्टाचार मुद्दामा शुक्रबार दोषी ठहर गरेको छ। चितवनमा सञ्चालित परियोजनाका कार्यालय प्रमुख तथा वरिष्ठ कृषि विकास अधिकृत सोमनाथ घिमिरेलाई तीन महिना कैद सजाय सुनाइएको छ भने चार लाख १२ हजार चार सय ७४ रुपैयाँ बिगोबमोजिम जरिवाना भराउन भनिएको छ।

परियोजना कार्यान्वयन एकाइ तरकारी जोन, पार्वतीपुर चितवनबाट आर्थिक वर्ष ०७३/७४ मा प्राविधिक

» पृष्ठ २ मा क्रमशः

झन् नयाँ

अबको समय मेरी उनीलाई



सम्बन्ध

संसद्, राजनीति छोड्न सक्छु, बुढेसकालमा बिरामी श्रीमती छोड्न सक्दिनँ

● अनिल यादव



विद्रोहको अर्को नाम

सम्झना

● किशोर नेपाल


विश्वका सात नेता जसले ओहदामा रहँदै गरे सम्बन्ध-विच्छेद



NIMB नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

भारतमा १४७ किलो र नेपालमा ६० किलो सुन तस्करीको शैली उस्तै

दुई देशका तस्कर गिरोहबीचको सम्बन्ध खोज्दै सिआइबी



● **किरण बज्राचार्य,** निर्देशक, सिआइबी

विगतमा भारतमा भएको सुन तस्करी र हालै नेपालमा बरामद सुन तस्करीको अपराधको शैली उस्तै छ, कतै एउटै गिरोह हो कि भन्ने कोणले पनि अनुसन्धान गरिरहेका छौं

नवराज मैनाली/नयाँ पत्रिका

विगतमा भारतमा भएका सुन तस्करी र हालै नेपालमा चिनियाँ गिरोहले गर्ने सुन तस्करीको शैली उस्तै देखिएको छ। यसमा एउटै समूहको संलग्नता हुन सक्ने आशंकामा नेपाल प्रहरीले भारतीय सुरक्षा अधिकारीसँग यससम्बन्धी विवरण मागेर अनुसन्धान थालेको छ।

भारतमा पनि कार्गोमार्फत सुनको लेप लगाइएका विभिन्न सामान आयात गरी संगठित रूपमा सुन तस्करी हुने गरेको पत्ता लागेको थियो। भारतको राजस्व इन्टेलिजेन्स निर्देशनालय (बिआरआई)ले सन् २०२१ मा 'अप्रेसन मोल्टेन मेटल' र सन् २०२२ मा 'अप्रेसन गोल्डेन ट्रूथ' सञ्चालन गरी ठूलो मात्रामा सुन बरामद गरी विदेशी नागरिकलाई पक्राउ गरेको थियो। त्यो समूहले पनि चीन तथा हङकङबाट नेपालमा हालै भएको शैलीमा सुन तस्करी गरेको थियो।

» पृष्ठ २ मा क्रमशः



राजस्व अनुसन्धान विभागले बरामद गरेको 'ब्रेकसु', यसैभित्र लुकाएर सुन तस्करी भएको हो

पक्राउ परेका पाँच चिनियाँसँग नेपाली नागरिकता र पासपोर्ट



थुप्तेन छिरिङ



दावा छिरिङ

नेपालमा लामो समयदेखि बसेर सुन तस्करीमा संलग्न भएका चिनियाँ गिरोहसँग नेपाली नागरिकता र पासपोर्टसमेत भेटिएको छ। चारजनाले काभ्रेबाट तथा एकजनाले काठमाडौंबाट नागरिकता तथा पासपोर्ट बनाएको नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुवेर कडायतले बताए। 'उनीहरूसँग चिनियाँ पासपोर्ट पनि छ, नेपाली पासपोर्ट पनि भेटिएको छ,' प्रवक्ता कडायतले भने, 'यस विषयमा छुट्टै अनुसन्धान भइरहेको छ।'

ली नेनकाईले सोनाम लामाको नाममा र डिङ सी फाले राम लामाको नाममा काभ्रेबाट नागरिकता लिएका छन्। तियान मी र वेन तोङसँग पनि काभ्रेबाट जारी भएको नागरिकता भेटिएको छ। त्यसैका आधारमा उनीहरूले पासपोर्टसमेत लिइसकेका थिए। ली वेनले भने जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट लिएको सिआइबीले जनाएको छ।

गिरोहका नाइकेमध्येका एक दावा तामाङले पनि काभ्रेबाटै निमा तामाङको नाममा नागरिकता र पासपोर्ट बनाएको यसअघि नै पुष्टि भइसकेको छ। जसमा प्रहरीले एक वर्षअघि नै छानबिन गरे पनि त्यसमा कुनै कारबाही नगरेको पाइएको छ। नेपाली महिलासँग बिहे गरी ठमेलमा होटेल चलाउँदै आएका दावासँग बेल्जियमको समेत पासपोर्ट छ। पक्राउ परेकामध्ये थुप्तेन छिरिङ र याओ पुसिङसँग भारतीय आधारकार्ड भेटिएको छ।

प्रधानमन्त्रीको...

पृष्ठ १ बाट क्रमशः

'हाम्रोतर्फ सबै तयारी गरेका छौं । खासातर्फबाट पनि सबै तयारी भएको मैले बुझेको छु ।' प्रधानमन्त्री प्रचण्ड संयुक्त राष्ट्रसंघीय महासभामा सहभागी हुन ३० भदौमा न्युयोर्क पुग्ने र त्यतैबाट ४ असोजमा चीनको औपचारिक भ्रमणमा जाने तय भएको छ ।

१२ वैशाख ०७२ को भूकम्पपछि बन्द तातोपानी नाका १५ जेठ ०७६ मा आयातका लागि एकतर्फी खुलेको थियो । १८ वैशाख ०८० बाट निर्यातका लागि पनि खुलेको थियो । अन्ततः भूकम्पको आठ वर्ष पाँच महिनापछि नेपाल-चीनका नागरिक यो नाकाबाट सीमा वारपार गर्न पाउने भएका हुन् । सीमावर्ती स्थानीय र नेपाली पर्यटकलाई चिनियाँ क्षेत्र प्रवेशका लागि आवश्यक कागजात तयारी अवस्थामा रहेको अध्यागमन कार्यालय कोदारीले जनाएको छ । अध्यागमन कार्यालय कोदारीका प्रतिनिधि तिलक मगरले भूकम्पअघि प्रयोग गरिएको हरियो र वान डे दुवै प्रकारको प्रवेश पास जारी गर्ने तयारीमा रहेको बताए । सीमाबाट ३० किलोमिटर क्षेत्रमा बसोवास गर्नेलाई हरियो र अरूलाई वान डे पास दिइने उनले बताए ।

खासा घुम्न जाने नेपालीले ब्ल्यांकेट, लुगा र घरायसी विद्युतीय सामान किन्न पाउने

नेपाली गाडीले ल्याएको सामान चेकजाँच गर्ने नयाँ भन्सार रमितेमा बनेको छ । नेपालबाट सामान लिएर आउने गाडी खासा जान पाउने व्यवस्था गरिएको छ । तर, खासा पार्किङ पुनर्निर्माण नहुन्जेल आयात हुने मालवस्तु लिन भने नेपाली गाडी खासा जान पाउनेछैनन् । भूकम्पपछि विस्थापित खासाली अझै फर्किसकेका छैनन् । सेप्टेम्बरभित्र खासाका २० प्रतिशत बासिन्दा पुनर्स्थापित हुँदै छन् ।

हालका लागि लिपिङपारि १५, रमिते र खासा क्षेत्रमा तीन पसल सञ्चालनमा ल्याइने भएको छ । तातोपानीबाट गएका नेपालीले ब्ल्यांकेट, लुगा र घरायसी विद्युतीय सामान किन्न पाउने व्यवस्था गरिँदै छ । मानिस आवतजावत भएको केही महिनासम्म खासा क्षेत्रमा पुगेपछि सोही दिन फर्कनुपर्नेछ । खासाका बासिन्दा सबै आएर होटेल तथा पसल सञ्चालनमा आएपछि मात्रै नेपाली पर्यटक खासा बस्न पाउनेछन् ।

खासाबाट किनेर ल्याउने सामानको भन्सार गर्न तातोपानी भन्सारले पुरानै भन्सारमा छोटी भन्सार सुरु गर्ने भएको छ । नाकाबाट मानिस आवतजावत गर्नासाथ सामान ल्याउन सुरु हुन्छ । भन्सार निर्देशिकामा भएबमोजिम महसुल लिने व्यवस्था मिलाइएको तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले बताए । तातोपानीबाट सामान ल्याउँदा ढुवानी खर्च कम, समयको बचत र सामान सुरक्षित हुने व्यापारी आङदोर्जे शेर्पाले बताए । 'खरिद गरेको नौ दिनमा मेरो सामान खासा आइपुग्यो,' उनले भने, 'चिनियाँ सहरबाट पहिला एक सिबिएम सामानको ढुवानी खासासम्म ६ सय युआन (घोर्म) थियो, अहिले चार सय ५० युआन तिरेपछि तातोपानीसम्म आइपुग्छ ।' चिनियाँ क्षेत्रमा रहेको आडो ट्रान्सपोर्टले नेपाली व्यापारीलाई लक्षित गरेर सहुलियत दरमा ढुवानी गर्न थालेको छ । जहाजबाट भारत भएर आउने सामान तातोपानी नाका सहज हुने भएपछि नेपाली व्यापारी स्थलमार्ग भएर ल्याउन तयार भएका छन् ।

त्यस्तै, नाका सर्वसाधारणका लागि पनि खुल्ने भएपछि सीमा सुरक्षा र आयात-निर्यात मोडालिटीबारे विभिन्न चरणमा छलफल भइरहेको छ । प्रजिअ न्यौपानेका अनुसार सीमा सुरक्षाबारे दुवै क्षेत्रका प्रशासन र सुरक्षा निकाय तथा आयात-निर्यातबारे व्यवसायी र आयात-निर्यात कम्पनीबीच छलफल भइरहेको हो ।

■ नेविसंघ विवाद चर्किदै

असन्तुष्ट समूह अनशनमा, काठमाडौंमा समानान्तर गतिविधि

काठमाडौं/ केन्द्रीय समिति विस्तारसँगै सुरु भएको नेविसंघको विवाद मत्थर हुन सकेको छैन । गत २२ साउनमा केन्द्रीय समितिमा सात सय १० जनाको जम्बो कार्यसमिति घोषणासँगै सुरु भएको विवादको असर केन्द्रदेखि जिल्लासम्म देखिएको छ ।

असन्तुष्ट समूह तीनबुँदे माग राखेर ३१ साउनबाट सानेपामा रिले अनशनमा छ । शेखर-गगननिकट यो समूहले समानान्तर कार्यसमिति घोषणाको तयारी गरेको थियो । समिति घोषणा नगरिए पनि यो समूहले 'विधानसम्मत नेविसंघ केन्द्रीय कार्यसमिति'को नामबाट गतिविधि गरिरहेको छ । काठमाडौं कार्यसमितिमा समानान्तर गतिविधि नै सुरु भएको छ । अनावश्यक रूपमा ठूलो कार्यसमिति बनाइएको र कार्यसमितिमा पदाधिकारी तथा सदस्य मनोनीत गर्दा एकलौटी गरिएको, संविधान र नेविसंघकै विधान पनि मिचिएको असन्तुष्टहरूको आरोप छ । छ । तर, अध्यक्ष डुजाङ शेर्पा सबै क्षेत्रका साथीलाई समेट्दा केन्द्रीय समिति ठूलो भएको बताउँछन् । कार्यसमितिमा सबैलाई समेटेको बताएका उनले आवश्यकता हेरेर छुटेकालाई थप्न सकिने बताए । तर, संस्थाको हितविपरीत गतिविधि गर्नेलाई छुट नदिने उनको चेतावनी छ ।

'लामो समय महाधिवेशन हुन नसकेको नेविसंघको केन्द्रीय समितिमा विभिन्न क्षेत्रका विज्ञ र मेधावी विद्यार्थीले समेत स्थान प्राप्त गरेका छन् । छुटेका साथीलाई आवश्यकताअनुसार उचित जिम्मेवारीसहित समेटेर लैजान्छौं । अब सबैको ध्यान महाधिवेशनमा केन्द्रित हुनुपर्छ । तर, संगठनको हितविपरीत गतिविधि गर्नेलाई छुट हुँदैन,' शेर्पा भन्छन् ।

२६ साउनमा नेविसंघ अध्यक्ष शेर्पाले मनीष डंगोलको अध्यक्षतामा रहेको काठमाडौं समिति भंग गरेर अंशुल केसीलाई अध्यक्ष मनोनीत गरे भने डंगोललाई केन्द्रीय सदस्य, तर डंगोलले स्वीकार गरेनन् । काठमाडौं कार्यसमिति भंग गर्नु गलत भएकाले आफू जिल्ला अध्यक्ष नै रहेको भन्दै डंगोलले समानान्तर गतिविधिलाई निरन्तरता दिएका छन् । २९ साउनमा डंगोलले काठमाडौं जिल्ला कार्यसमितिमा ५० जनालाई मनोनयन गरेका छन् । यसको जानकारी कांग्रेस केन्द्र र नेविसंघ केन्द्रलाई पनि गराइएको छ । केसी नेता प्रकाशमान सिंहनिकट हुन् भने डंगोल इतरनिकट ।

जम्बो केन्द्रीय समितिमा मनोनयन गरिएकामध्ये डंगोलसहित एलिजा ढकाल र मुकेश ढकालले जिम्मेवारीमा नबस्ने घोषणा गरेका छन् । महिला नेतृहरूले संविधान र संघको विधान मिचेर केन्द्रीय समितिमा न्यून संख्यामा महिला सहभागी गराइएको भन्दै विरोध गर्दै आएका छन् । सात सय १० सदस्यीय समितिमा ६९ मात्र महिला छन् । केन्द्रीय समितिमा समावेशी प्रतिनिधित्वसमेत हुन नसकेको असन्तुष्टि पनि बढिरहेको छ । असन्तुष्ट समूहका नेता विनोद शाही ठकुरी समितिलाई विधानसम्मत र समावेशी बनाइनुपर्ने बताउँछन् । माग पूरा नभएसम्म अनशन निरन्तर रहने उनको भनाइ छ । 'अहिलेको समितिको औचित्य छैन । विधानसम्मत समावेशी समिति नबनेसम्म हामी अनशन जारी राख्छौं,' उनी भन्छन् ।

सदनको गतिरोधबारे प्रधानमन्त्री-सभामुख छलफल

गम्भीर पहल लिन सभामुखको आग्रह

काठमाडौं/ संघीय संसद्को गतिरोध अन्त्य गर्ने विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सभामुख देवराज घिमिरेबीच छलफल भएको छ । शुक्रबार प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री प्रचण्डले सदनको व्यवधान खुलाउन सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने बताए । 'म पनि सदन खुलाउन भूमिका खेल्छु । तपाईं पनि लाग्नुहोस् । छिट्टै सहमति गर्नैपर्छ । म प्रमुख विपक्षी दलको नेतासँग थप पहल गर्छु,' प्रधानमन्त्रीको भनाइ थियो ।

भेटमा सभामुख घिमिरेले सदन चलाउन तत्काल पहल गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । उनले संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा कानुन निर्माण नभएको गुनासो आएको भन्दै ध्यानाकर्षण गराएका थिए । उनले दलीय सहमतिविना सदन अगाडि बढाउन सक्ने अवस्था नरहेको पनि स्पष्ट पारे ।

'दलीय सहमतिविना सदन अगाडि बढ्न सक्ने स्थिति छैन । आमजनताले पनि सदन अवरोधलाई राम्रो मानेका छैनन् । कम्तीमा सदन खुलाउन सत्तापक्ष र प्रतिपक्षले गम्भीरतापूर्वक छलफल गरिदिनुहोस्,' सभामुख घिमिरेको भनाइ थियो । सभामुखको रूपमा मैले सहमतिका लागि जिम्मेवारीपूर्वक पहल गरेको छु । तर, परिणाम निस्किन सकेन । शीर्ष नेताहरू घन्टौं बस्दा पनि सहमति भएन,' सभामुख घिमिरेको भनाइ थियो ।

गत १० साउनयता प्रमुख प्रतिपक्षी दल एमालेले संघीय संसद्का बैठकमा लगातार अवरोध गर्दै आएको छ । विमानस्थलबाट पास भई भन्सारबाट छुटाएर लैजाँदै गर्दा बाटोमा पत्राउ परेको ६० केजी सुन तस्करीको छानबिनका लागि एमालेले उच्चस्तरीय छानबिन समितिको माग गर्दै सदनमा अवरोध गर्दै आएको हो । सरकारले भने सरकारी सुन तस्करीको छानबिन नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरिरहेकाले अर्को छानबिन समिति आवश्यक नरहेको बताउँदै आएको छ । सदनले नै बनाएको कानुनी व्यवस्थाअनुसार बनेका सरकारी निकायले गरिरहेको कामकारबाहीमाथि अविश्वास उत्पन्न गर्न नहुने सरकारको भनाइ छ । तर, एमाले सन्तुष्ट हुन नसक्दा सदनको नियमित कामकारबाही अघि बढ्न सकेका छैनन् ।

लगातार सदन अवरुद्ध भइरहँदा संसद्का अन्य राजनीतिक दलले पनि जनताका आवाज उठाउने थलो बन्धक बनाइएको भन्दै आपत्ति जनाइरहेका छन् । रास्वपा सभापति रवि लामिछानेले त संसद् हाइज्याक भएको आरोपसमेत लगाइरहेका छन् । उनले कुनै कोठामा बसेर बनाइएको पूर्वयोजनामुताबिक सभामुख चलेको भन्दै सभामुखको कार्यशैलीमा समेत प्रश्न उठाएका छन् ।

कोसी प्रदेश सभाको बैठक सुरु

मुख्यमन्त्री थापाले ४ भदौमा विश्वासको मत लिने

विराटनगर/ कोसी प्रदेशका छैटौं मुख्यमन्त्री उद्धव थापाले आगामी सोमबार विश्वासको मत लिने भएका छन् । १६ साउनमा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका थापाले ४ भदौमा विश्वासको मत लिने कार्यसूची तय भएको सभाका सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिए ।

थापाले ३ भदौमा विश्वासको मत लिने व्यवस्थाका लागि प्रदेश सभामा निवेदन दिएका थिए । तर, कार्यवाहक सभामुख सिर्जना दनुवारले उनलाई ४ भदौमा विश्वासको मत लिन समय दिएकी हुन् । सत्तास्वार्थमा दलहरू विभाजित हुँदा १५ असारदेखि अनिश्चितकालका लागि स्थगित भएको कोसी प्रदेश सभाको तेस्रो अधिवेशनको बैठक १ भदौदेखि सुरु भएको छ । तत्काल एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत गुमाएपछि १५ असारदेखि कोसी प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको थियो ।

९३ सदस्यीय सभामा बहुमतको सरकारका लागि ४७ सांसद चाहिन्छ । हाल नियुक्त भएका कांग्रेसका मुख्यमन्त्री थापासँग कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जनता समाजवादीका ४७ सांसदको समर्थन छ । यस्तोमा घटनाक्रमले नयाँ मोड नलिए मुख्यमन्त्री थापाले विश्वासको मत पाउनेछन् ।

थापा २१ असारमा पहिलोपटक मुख्यमन्त्री नियुक्त भएका थिए । तर, त्यसक्रममा संविधानविपरीत सभामुखसमेतको हस्ताक्षर प्रयोग भएको भन्दै कार्कीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सर्वोच्चको आदेशमा ११ साउनमा थापा पदमुक्त भएका थिए । त्यसपछि सभामुखलाई राजीनामा गराई सत्तागठबन्धनले थापालाई दोस्रोपल्ट मुख्यमन्त्रीमा अघि सारेको हो । सभामुखबाट राजीनामा दिएका बाबुराम गौतम अहिले थापा नेतृत्वको सरकारमा आर्थिक मामिला तथा योजनामन्त्री बनाइएका छन् ।

विषाक्त च्याउले आमाछोरीको मृत्यु

दाङ/ विषालु च्याउ खाँदा दाङको बंगलाचुली गाउँपालिका- ४ मैकुटीमा आमाछोरीको ज्यान गएको छ । मृत्यु हुनेमा २७ वर्षीया ईश्वरी सुनार र ११ वर्षीया अस्मिता छन् । ईश्वरीको शुक्रबार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा ज्यान गएको हो भने अस्मिताको गत बुधबार नै लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको हो ।

आमाछोरीले २९ साउनमा भित्ताला जंगलबाट ल्याएको जंगली च्याउ खाएका थिए । जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी राजन गौतमका अनुसार सँगै च्याउ खाएका ईश्वरीका श्रीमान् अजय गम्भीर बिरामी छन् । उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचार भइरहेको छ ।

मिर्गौला फेर्ने...

पृष्ठ १ बाट क्रमशः

ब्रेनडेथ भएका व्यक्तिको मिर्गौला प्रत्यारोपण गरिएको छ ।

देशभर हुने कुल प्रत्यारोपणको ९० प्रतिशत यिनै पाँच अस्पतालमा हुने गर्छ । बाँकी १० प्रतिशतको प्रत्यारोपण निजी स्वास्थ्य संस्थामा वा विदेश गएर हुने गरेको छ ।

सरकारी पाँच अस्पतालमध्ये पनि हालसम्म सबैभन्दा धेरै प्रत्यारोपण भएको मानव अंग प्रत्यारोपणमा केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ यो तथ्यांक कुनै संयोग मात्र नभएको बताउँछन् । वर्षौं सेवा दिने क्रममा विभिन्न अनुभव सँगालेका उनले महिलालाई अंग दिन पुरुषले अनिच्छा गर्ने, तर महिलाले भने अंगदानमा अग्रसरता देखाउने गरेको बताए । 'श्रीमतीले मिलेसम्म आफ्नै अंग श्रीमान्लाई दिन्छिन्, मिलेन भने माइती पक्षबाट भए पनि अंगदान गर्न माग गर्छिन्, छोरीले पनि बुबाआमालाई सहजै अंगदान दिन्छिन्,' उनले भने, 'तर, श्रीमान्ले श्रीमतीलाई अंग दिन मान्दैनन्, कमाइ गरेर खानुपर्छ भन्नेजस्ता बहाना बनाएर पन्छिन्छन् ।'

मानव अंग प्रत्यारोपण केन्द्रले सेवा सुरु गरेयता १० वर्षमा (०६९/७० असारदेखि ०७९/८० साउनसम्म) एक हजार ९७ व्यक्तिको मिर्गौला प्रत्यारोपण गरेको छ, जसमा आठ सय ६३ पुरुष (७९%) र २३४ महिला (२१%) छन् । यहाँ मिर्गौला दान दिनेमा भने एक हजार ९२ मध्ये पुरुष तीन सय एक (२८%) र महिला सात सय ७९१ (७२%) छन् । केन्द्रले वार्षिक दुई सयको मिर्गौला प्रत्यारोपण गर्दै आइरहेको छ ।

मिर्गौला प्रत्यारोपण धेरै हुने त्रिवि शिक्षण अस्पताल (टिचिङ)को पनि ट्रेन्ड उस्तै छ । १५ वर्षयता टिचिङमा आठ सयजनामा मिर्गौला प्रत्यारोपण भएकामा ६ सय ३५ पुरुष (७९%) र एक सय ६५ महिला (२१ प्रतिशत) प्रतिशत छन् । जब कि यहाँ पनि दान गर्ने भने महिला पाँच सय ५६ (७० %) र पुरुष दुई सय ४४ (३०%) छन् । टिचिङमा महिनामा कम्तीमा दुई व्यक्तिको मिर्गौला प्रत्यारोपण हुने गरेको अस्पताल निर्देशक डा. निदेश काफ्लेले बताए ।

यसबाहेक स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा हालसम्म आठजनामा प्रत्यारोपण भएकोमा पाँच पुरुष (६२%) र तीन महिला (३८%) छन् । यहाँ भने दिने पनि पाँच पुरुष र महिला तीनजना नै छन् । चितवनको कलेज अफ मेडिकल साइन्सेस (पुरानो मेडिकल कलेज)मा पनि हालसम्म चारजनामा प्रत्यारोपण भएकामा पनि लिने र दिने चारै पुरुष (शतप्रतिशत) पुरुष छन् । त्यस्तै, कर्णाली प्रादेशिक अस्पताल सुर्खेतमा दुईजनाको प्रत्यारोपण भएकोमा दिने दुवै महिला (शतप्रतिशत) र लिने दुवै पुरुष (शतप्रतिशत) छन् ।

परम्परागत मानसिकता, अप्रेसनले शरीर बिग्रिने डर, घरमा पुरुषले नै कमाउनुपर्ने भन्दै अंग दिँदा परिवारमा आर्थिक समस्या पर्नेजस्ता कारण देखाएर पुरुष अंगदानबाट पन्छिने गरेको डा. श्रेष्ठको अनुभव छ । तर, यस्तो सोच गलत भएको पनि उनी बताउँछन् । 'अंगदान दिँदैमा आयु घट्दैन, बरु स्वास्थ्य झन् राम्रो हुन्छ । अंगदान गर्ने व्यक्तिले हरेक वर्ष स्वास्थ्य परीक्षण गर्ने, स्वास्थ्यप्रति बढी चासो दिने, खानपानमा ध्यान दिने भएकाले स्वस्थ जीवन बाँच्न झन् सघाउने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको छ,' उनले भने, 'तर, अंग दिँदा पनि महिला र पुरुष भनेर विभेद भइरहेको छ, यसको अन्त्य हुनुपर्छ । अन्य देशमा यस्तो विभेद छैन ।'

डा. श्रेष्ठले नेपालमा भएका अंग प्रत्यारोपणमध्ये ९९ प्रतिशत सफल हुने गरेको बताए । विशेषज्ञ र विदेशकै गुणस्तरको उपचार विधि भएकाले स्वदेशमै प्रत्यारोपण सफल भए पनि भौतिक संरचना सुधारको खाँचो रहेको उनको भनाइ छ ।

हरेक वर्ष तीन हजारको मिर्गौला र एक हजारको कलेजो फेल

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार नेपालमा हरेक वर्ष तीन हजारको मिर्गौला र एक हजारको कलेजो फेल हुने गरेको छ । कलेजो फेल भएकामध्ये दुई-तीन सयको मात्रै प्रत्यारोपण आवश्यक हुने चिकित्सकहरू बताउँछन् ।

मिर्गौला तथा अंग प्रत्यारोपणसम्बन्धी विशेषज्ञ डा. सञ्जय यादव नेपालबाट कलेजो प्रत्यारोपणका लागि वार्षिक ५० जनासम्म भारत जाने गरेको बताउँछन् । नेपालमा कलेजो प्रत्यारोपणका लागि १५ लाख लाग्नेमा विदेश जाँदा ५० लाखदेखि एक करोडसम्म खर्च हुने उनले बताए ।

कलेजोमा अत्यधिक बोसो जम्नु, पित्तको नलीसम्बन्धी रोग लाग्नु, पित्त तथा कलेजोमा क्यान्सर हुनु कलेजो बिग्रिनुका मुख्य कारण हुन् । अत्यधिक मदिरा सेवनले कलेजो बिग्रिने दर उच्च हुने चिकित्सकहरू बताउँछन् ।

१९ हजारले कुरिरहेका छन् मिर्गौला प्रत्यारोपण

हाल नेपालमा कलेजो तथा अंग प्रत्यारोपणका लागि विदेशी चिकित्सकसमेत ल्याउने गरिएको छ । नेपालका चिकित्सकलाई यसबारे अनुभव कम भएकाले पहिलो चरणमा विदेशी चिकित्सकलाई ल्याएर भए पनि प्रत्यारोपण सुविधा दिने गरिएको हो । हाल नेपालका सरकारी अस्पतालमा १९ हजारभन्दा धेरै बिरामीले मिर्गौला प्रत्यारोपणका लागि पालो कुरिरहेका छन् । डायलाइसिसको भरमा बाँचिरहेका बिरामीले यो सेवा पनि आवश्यकताअनुसार पाएका छैनन् ।

अंगदानप्रति जनमानसमा सकारात्मक धारणा विकास नभएकाले पनि समस्या भइरहेको डा. श्रेष्ठको बुझाइ छ । 'मिर्गौला र कलेजोमा भारत, अमेरिका, युरोपलगायतमा जसरी प्रत्यारोपण हुन्छ हामीले पनि त्यसरी नै गर्दै आइरहेका छौं,' उनले भने, 'स्वस्थ र मृत व्यक्तिबाट अंगदान दिन-लिन सकिन्छ । एक मृत व्यक्तिको अंगदानबाट आठ बिरामीको ज्यान बाँच्ने भएकाले अंगदानबारे जनचेतना फैलाउन आवश्यक छ ।'

दुई देशका तस्कर...

पृष्ठ १ बाट क्रमशः

उस्तै शैली देखिएकाले भारतमा भएको तस्करीको घटनाबारे समेत बुझ्नेर अनुसन्धान भइरहेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)की निर्देशक एआइजी किरण बज्राचार्यले बताइन् । 'भारतमा पनि विगतमा यस्तै शैलीमा सुन तस्करी भएको रहेछ, कतै एउटै समूह हो कि भन्ने कोणले पनि अनुसन्धान गरिरहेका छौं,' उनले भनिन् ।

सन् २०२१ को नोभेम्बरमा हडकङ हुँदै भारतको नयाँदिल्लीस्थित इन्दिरा गान्धी विमानस्थलमा फरक-फरक एयर कार्गोमार्फत आयात गरिएका विभिन्न मेसिनरी सामानभित्र ठूलो मात्रामा सुन भेटिएको थियो । ती सामानभित्र सुनको लेप लगाइएको हुन्थ्यो । यसरी तस्करी भएको साढे ८५ केजी सुन बरामद भएको थियो । यसमा दुई दक्षिण कोरियन, एक चिनियाँ र एक भियतनामकी नागरिकसहित भारतीयहरू समातिएका थिए ।

अप्रेसन 'मोल्टेन मेटल'ले सो गिरोहलाई पक्राउ गरेको थियो । त्यो समूहले नयाँदिल्लीका विभिन्न ठाउँमा घर भाडामा लिएर तस्करी गरिरहेको थियो । हाल नेपालमा पक्राउ परेको चिनियाँ गिरोहको पनि शैली उस्तै देखिएको छ ।

त्यस्तै, सन् २०२२ को मेमा 'अप्रेसन गोल्डेन ट्युाप'मार्फत साढे ६१ केजी सुन बरामद भएको थियो । त्यो पनि एयर कार्गोमार्फत धाराका विभिन्न सामानभित्र लुकाएर तस्करी हुँदै थियो । ती सामान चीनको गोन्जाओबाट लगिएको थियो । त्यस्तै, गत माघमा मात्रै भारतको राजस्व निर्देशनालयले नै नेपाल हुँदै भारतमा सुन तस्करी गर्ने गिरोहलाई पक्राउ गरी एक सय एक केजी सात सय ग्राम सुन बरामद गरेको थियो । त्यसमा 'अप्रेसन गोल्डेन डान' सञ्चालन गरी दुई सुडानीलगायतलाई पक्राउ गरेको थियो । त्यही वेलामा नेपालमा पनि सुन तस्करी गर्ने सुडानी नागरिक पक्राउ परेका थिए ।

यी घटनालाई समेत पृष्ठभूमिमा राखेर सिआइबीले सुन तस्करीको पछिल्लो घटनाको अनुसन्धान गरिरहेको छ । नेपालमा तस्करी हुने सुनमध्ये धेरैजसो भारतमै जाने भएकाले पनि यसमा तस्कर गिरोहको सम्पर्क हुन सक्ने सिआइबीका अधिकारीहरू बताउँछन् । हाल नेपालमा पक्राउ परेकामध्ये चिनियाँ मूलका दुईजनाको भारतीय रासनकार्डसमेत फेला परेको छ । जस आधारमा उनीहरू भारतमा पनि लामो समयदेखि बसेको र त्यहाँ पनि सुन तस्करीको गतिविधिमा संलग्न रहेका आशंका गरिएको छ । सिआइबीले पछिल्लो करिब ६० केजी सुन तस्करी प्रकरणमा २४ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । उनीहरूले हडकङबाट एयर कार्गोमार्फत ब्रेकसुलगायत विभिन्न सामानभित्र लुकाएर सुन ल्याउँदै आएका थिए । काठमाडौंमा दर्जन गोदाम भाडामा लिएर लुकाउने र टोकाको कारखानामा सुन गालेर उनीहरूले बाँडफाँट गर्दै आएका थिए ।

यो घटनाको अनुसन्धान सुरु भएको शनिबार ३४ दिन पुगेको छ । अबको तीन साताभित्र अनुसन्धान टुंग्याउनुपर्ने बाध्यता सिआइबीलाई छ । संगठित अपराधमा सिआइबीले ६० दिनसम्म मात्र पक्राउ परेका आरोपीलाई थुनामा राख्न पाउँछ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यो घटनामा इन्टरपोलको समेत सहयोगमा अनुसन्धान भइरहेको बताएका छन् । गत, मंगलबार सम्पादकहरूसँगको अन्तर्क्रियामा उनले यस्तो बताएका थिए । तर, भारतसँग पारस्परिक कानुनी सहायता सन्धि नभएकाले नेपालले अनौपचारिक रूपमा मात्र यससम्बन्धी विवरण मागेको प्रहरी स्रोत बताउँछ ।

कृषि परियोजनामा...

पृष्ठ १ बाट क्रमशः

शिक्षालयका नाममा पाँच लाख रुपैयाँ निकासा गरी लक्ष्मी माध्यमिक विद्यालय हाताभित्र आधुनिक नर्सरी निर्माण गर्नुपर्नेमा उक्त रकम अन्तै पठाइएको भेटिएको थियो । घिमिरेले सम्झौताअनुसार नर्सरी निर्माण नगरी चार लाख १२ हजार रुपैयाँभन्दा बढी रकम भ्रष्टाचार गरेको अख्तियारको दाबी थियो । आधुनिक नर्सरीका नाममा आएको रकममध्ये साढे ८७ हजार रुपैयाँबराबरको काम मात्र भएको स्थलगत रूपमा देखिएपछि २९ पुस ०७७ मा मुद्दा दायर भएको थियो ।

बाँकी रकमबराबरको भुटा बिल भर्पाई पेस गरी रकम भुक्तानी भएको अख्तियारको दाबी थियो ।

यसै मुद्दामा अन्य दुईजनालाई बिगोबमोजिम जरिवाना भराउने आदेश विशेषले गरेको छ । विद्यालयका लागि पठाउनुपर्ने रकम नारायणी एग्रोको खातामा पठाइएको भेटिएको थियो । उक्त एग्रो सञ्चालक बालिकाकुमारी गिरीलाई पनि यस मुद्दामा दोषी ठहर गरिएको छ । साथै, कम्पनीका संस्थापक सदस्य गोपीनाथ भुसाल पनि दोषी करार भएका छन् । गिरी र भुसाल दुवैलाई बिगो रकमको दामासाहीले हुन आउने रकम भराउने आदेश भएको छ । दुवैजनाले दुई लाख ६ हजार रुपैयाँभन्दा बढी रकम जनही बिगो भराउने न्यायाधीशहरू शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासकोआदेश भएको हो ।

भुल सुधार गरिएको जानकारी बारे ।

मितिः २०८०/०४/१९ का दिन नयाँ पत्रिकाको पाना नं. २ मा प्रकाशित धितोमा रहेको सम्पति लिलाम बिक्रि सम्बन्धि १५ दिने सार्वजनिक सूचनाको लिलाम बिक्रि सम्बन्धी अन्य शर्तहरुको बुँदा नं. २ मा मितिः २०८०/०५/०१ र बुँदा नं. ३ मा मितिः २०८०/०५/०२ हुनु पर्नेमा मिति अन्यथा भएकोले भुल सुधार गरिएको जानकारी गराउँदछौं ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

इन्टरनेशनल हिमालय हस्पिटालिटि एण्ड होटल लिमिटेडको
विशेष साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० भाद्र २ गते)

यस कम्पनिको मिति २०८० साल भाद्र १ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारणसभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाइएको छ ।

सभाहुने मितिः २०८०/०५/१९ (सन् सेप्टेम्बर ०५, २०२३) गते मंगलवार
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय, बसन्तपुर, काठमाडौं २३ ।
समय : बिहान ११:०० बजे

कम्पनीको विशेष साधारणसभाको छलफलको बिषयसुचीः

क) विशेष प्रस्ताव :
१) यस कम्पनीको अधिकृत तथा जारी पुँजीहरु थप गर्ने र सोको नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्ने बारे ।
२) यस कम्पनीमा स्वतन्त्र संचालक नियुक्ति गर्ने बारे ।

ख) विविध
संचालकहरु तथा शेयरधनीहरुले अनलाइन (भर्चुअल) माध्यमद्धारा पनि सहभागिता जनाउन सकिनेछ र सो सम्बन्धि जानकारी कम्पनीले प्रत्येक संचालकहरु तथा शेयरधनीहरुलाई इमेल द्धारा जानकारी तथा पुष्टिकरण गरिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

कृषि विकास बैंक लिमिटेड लि.
बाग्मति प्रदेश कार्यालय, काठमाडौंको
डाँक बढाबढबाट पुराना सम्पती सामानहरु लिलाम बिक्री सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०/०५/०२

यस कार्यालय अन्तरगतका प्रयोगमा नआएका सम्पत्तिहरु जस्तै मोटरसाईकल, ब्याट्री, कम्प्युटर, पंखा, फर्निचरहरु र फलामे भल्ट ढोका लगायतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन मा यस बाग्मति कार्यालय गौशाला, काठमाण्डौको प्रांगणमा तपसिल बमोजिमको शर्त अधिनमा रही लिलाम बढाबढबाट बिक्री हुने भएकोले लिलाम बढाबढमा भाग लिई सामान खरिद गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु
१. लिलाम बिक्री भै आफुले खरिद गरेका सम्पूर्ण सामानहरु एकमुष्ठ रुपमा उठाई लैजानु पर्ने छ ।
२. सूचना प्रकाशित भएको १६ औं दिन अर्थात २०८० भाद्र १७ गते आईतवार दिनको १:०० देखी १:३० बजेसम्म यस कार्यालयको प्रांगणमा लिलाम बढाबढ गरिने छ ।
३. उक्त सामानहरुको न्यूनतम मूल्यांकित रकम रु.६२९३३/- (अक्षरेपी बैसट्ठी हजार नौ सय तेतिस मात्र) कायम गरिएको छ ।
४. बढाबढमा सहभागी हुन ईच्छुक फर्म, कम्पनी वा व्यक्तिले धरौटी बापत १० प्रतिशत रकम सोही दिन नगदै जम्मा गर्नुपर्ने छ ।
५. लिलाम बढाबढ गरी सकारेको रकम ७ (सात) दिन भित्र चुक्ता हुने गरी जम्मा गर्नु पर्ने छ । रकम जम्मा भए पछि ३ (तीन) दिन भित्र सम्पूर्ण सामानहरु अनिवार्य रुपमा उठाई लैजानुपर्ने छ । अन्यथा निजको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई बिक्री गरीने छ । निजले समेत तोकिएको समयमा सामान नउठाएमा तेस्रोलाई बिक्री बितरण गर्नेछ । सोमा बैंक जिम्मेवारी हुने छैन ।
६. लिलाम बोलेको रकममा सामान दिने नदिने अधिकार यस बैंकमा निहित रहने छ ।
७. पहिलो बढी रकम बोलेको व्यक्तिले डाँक बोलेको रकममा उक्त सामानहरु नउठाएमा दोश्रो बढी डाँक बढाबढ बोल्ने व्

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २ भदौ ०८०
nayapatrikaofficial @naya_patrika

अबको समय मेरी उनीलाई

संसद्, राजनीति छोड्न सक्छु, बुढेसकालमा बिरामी श्रीमती छाड्न सक्दिनँ



श्रीमान् चित्रबहादुर केसीका साथमा श्रीमती पार्वती केसी । तस्बिर : ज्ञानेन्द्र कार्की

> मेरो राजनीतिक जीवनमा सधैँ मेरो सारथि भइन् उनी (पार्वती) । आज बरु राजनीति, संसद् सबै छोड्न सक्छु, तर उनलाई छोड्न सक्दिनँ ! १९ वर्ष भूमिगत हुँदा घर चलाउने, छोराछोरी हुर्काउने सबै उनैले गरिन् । जंगल जाँदा घाँस-दाउरा गर्दा मभन्दा बढी भारी बोक्थिन् यिनी । अहिले नसक्ने भएपछि मैले कसरी छोड्नु ? सक्दै सक्दिनँ ।



अनिल यादव
aniljournalist2067@gmail.com

सम्बन्ध

> जानेर-नजानेर, बाध्यता-विवशता, रहर-कहर जुनसुकै कारणले होस्, अहिले सबै बिदेसिएका छन् । पूर्व-पश्चिम, उत्तर-दक्षिण जहाँ जानुस् यो दृश्य देख्दा लाग्छ, नेपाल त अब वृद्धाश्रम पो हुँदै छ ।

सदावहार प्रतिपक्ष चित्रबहादुर केसी अचेल संसद्मा गायबजस्तै छन् । संसद्मा उभिएर जनजीविका र राष्ट्रियताको मुद्दामा खरो बोल्ने उनी करिब चार महिनायता मौन छन् ।

सेतै फुलेको कपाल, चाउरिँदै गरेको गाला, चमक हराउँदै गरेको त्यो ८२ वर्षीय आँखा एक्कासि कहाँ हरायो ? उनका शुभचिन्तकले यस्तो जिज्ञासा राख्न थालेका छन् । तर, संसद्मा उनको सक्रियता खोज्नेहरूलाई थाहा नहुन सक्छ, जीवनको उतरार्द्धमा आफ्नी ७७ वर्षीया श्रीमती पार्वतीलाई बिरामीले च्यापेपछि उनकै स्याहारसुसारमा व्यस्त छन् उनी ।

तीन सन्तानमध्ये उनका जेठा छोरा सचित्र अहिले जापानमा छन्, कान्छा छोरा विष्णु आफैँ सुगरको बिरामी भएर भैरहवामा थलिएका छन् । छोरी भानु भने आफ्नो छोरा-बुहारी अस्ट्रेलियामा रहेकाले आउजाउ गरिरहन्छिन् । अनि राष्ट्रिय जनमोर्चा पार्टीका अध्यक्ष रहेका केसीचाहिँ कपनस्थित आफ्नै पार्टी कार्यालयमा श्रीमतीको रेखदेख गरिरहेका छन् ।

१८ वर्षदेखि सुगरकी बिरामी पार्वतीलाई अहिले अल्जाइमरले पनि च्याप्न थालेको छ । त्यसैले चित्रबहादुरले संसद्मा कम, घरमा बढी समय दिइरहेका छन् । चित्रबहादुर यतिवेला श्रीमतीको रेखदेख र हेरचाहमा व्यस्त छन् । उनी श्रीमतीको कपडा धोइदिन्छन्, नुहाइदिन्छन् । संसद् चालू भएको वेला उनी हाजिर गर्न संसद् भवन पुग्छन्, तर घरमा रहेकी एक्ली श्रीमतीको पिरले उनलाई धेरैबेर बसिरहनदिँदैन, फर्किहाल्छन् । त्यसैले सभामुख देवराज घिमिरेलाई उनले भेटैरै जानकारी गराएका छन्, 'मेरी श्रीमती बिरामी छिन् । लामो समयसम्म बसिरहन सक्दिनँ है ।'

शुक्रबार बिहान ११ बजे केसीदम्पती बस्दै आएको पार्टी कार्यालय पुग्दा बैठक कक्षमा एक्लै टोलाइरहेका थिए, केसी । शान्त तलाउजस्तै पूरै चकमन्न थियो पार्टी कार्यालय । न भेटघाटका लागि आउने कार्यकर्ताको लाम, न स्वास्थ्यलाभको कामना गर्न आउने शुभचिन्तकहरूको भिड । खालीखाली थियो उनी बसिरहेको कोठा । पार्वती भने कोठामा आराम गरिरहेकी थिइन् । हामी पुग्नासाथ केसीले आफैँ भने, 'भर्खरै नुहाइदेको, भित्र आराम गरिरहेकी छिन् । पख्नुस्, म बोलाउँछु है ।'

आफ्नै रेखदेखको आवश्यकता रहेको यो उमेरमा चित्रबहादुर श्रीमतीको स्याहारसुसारमा व्यस्त थिए । तर, यो परिस्थितिलाई उनले सहजै स्विकारेका छन् । पाँचतले पार्टी कार्यालयको दुई कोठा लिएर बिरामी श्रीमतीलाई हेरिरहेका उनी यो परिस्थितिलाई नेपाली समाजकै नियति मान्छन् । उनलाई लाग्छ, यो देशमा अहिले उनी मात्रै होइन, सबै वृद्धवृद्धा एक्लो हुँदै छन् । चित्रबहादुरलाई लाग्छ, यो उनको मात्रै होइन, नेपाली समाजकै चित्र हो । 'अहिले सबैका छोराछोरी, बुहारी, नातिनातिना नेपालमा बस्ने वातावरण नै भएन,' उनले भने, 'जानेर-नजानेर, बाध्यता-विवशता, रहर-कहर जुनसुकै कारणले होस्, अहिले सबै बिदेसिएका छन् । नेपाल त अब बुढाबुढी बस्ने देशजस्तो भयो । पूर्व-पश्चिम, उत्तर-दक्षिण जहाँ जानुस् यो दृश्य देख्दा लाग्छ, नेपाल त अब वृद्धाश्रम पो हुँदै छ ।'

चित्रबहादुर अरू वेला हरेक बिहान ४ बजे नै उठेर वाकमा हिँड्थे । तर, पार्वती बिरामी भएयता उनको सेड्युल परिवर्तन भएको छ । अहिले श्रीमती नउठिन्जेल पर्खिन्छन् उनी । पाँच बजे पार्वती उठेपछि आफूसँगै हिँडाउन लान्छन् । वरिपरि 'वाक'मा हिँड्दा कैयौँ वृद्धवृद्धा बाटोमा लर्खराएर हिँडेको देख्छन् । उनका कहानी सुन्छन्, आफ्नोभन्दा दर्दनाक लाग्छ उनलाई । उनीहरू छोराछोरी कहाँ छन् कहाँ, नातिनातिनी कता हो कता भन्दै आफ्नो कहानी सुनाउँछन् । 'यो त नेपालकै तस्बिर हो नि । हामी पनि त्यसको सिकार भएको मात्रै हो,' ती कहानी सुनेर केसी मन बुझाउँछन् ।

उनलाई यो बुढेसकालमा छोराछोरी आफूसँगै भइदिए हुन्थ्यो भन्ने नलाग्ने होइन । तर, उनलाई लाग्छ, देश चलाउने शासकहरूले यहाँ बस्ने वातावरण सिर्जना गर्न नसक्दा यो हविगत भएको हो । ६६ सालदेखि राजनीतिको मुख्य भूमिकामै रहेका उनी यसमा धेरथोर आफूलाई पनि दोषी मान्छन् । 'हरेक बाआमाको मनोविज्ञान बुढेसकालमा आफ्ना सन्तान आफैँसँग होऊन् भन्ने त भइहाल्छ,' उनले भने, 'तर, हामीले नै यहाँ बस्ने वातावरण बनाउन सकेनौँ । त्यसका लागि हामी दोषी छौँ । कोही पनि रहरले विदेश गएका होइनन् । कोही पढ्न, कोही रोजगारी, कोही पढेलेखेर आफ्नो सीपअनुसारको काम गर्न विदेश गइरहेका छन् । को छन् र यहाँ ? सबै भागाभाग त छ नि । सबैको त्यस्तो भएपछि मेरो मात्रै भएन भन्न मिलेन नि !'

यद्यपि आफू निर्णायक ठाउँमा नपुगेका कारण बढी दोष निर्णायक तहमा पुगेका शाषकहरूलाई नै दिन्छन् । 'म निर्णायक ठाउँमा परिनँ । जसलाई जनताले पठाए, उनीहरूले आफ् नो स्वार्थ पूरा गरे, तर जनताको सेवामा कहिले पनि चिन्तन गरेनन्,' उनले भने, 'चाहे त्यो राणाकाल, पञ्चायतकाल या गणतन्त्रकालमा नै किन नहोस् । निर्णायक रूपमा देशमा शासन चलाउनेहरूको गलत नीतिका कारण देशले यस्तो नियति भोग्नुपरिरहेको हो । शिक्षा, स्वास्थ्य र रोजगारको जिम्मा राज्यले लिएन । सबै जिम्मा व्यापारीलाई दियो । जनतालाई बेवारिसे छाड्ने र मुट्ठीभर शासन गरेर सत्ता जोगाइराख्न शक्तिराष्ट्रको एजेन्डा बोकेर मात्रै हिँडे । त्यसकै परिणाम अहिले नेपाली जनताले भोगिरहेका हुन् । अहिले शोषण गरिरहेकाले पनि यो दिन भोलि भोग्ने नै छन् ।'

केसीका अनुसार सन्तान छेउमा नभएकामा पार्वती खासै चिन्ता पोख्दिनन् । बरु भिडियो कलमा छोरासँग गफ गर्दा उनीहरूकै चिन्ता बढी गर्छिन् । 'अस्ति भर्खर रुपन्देहीबाट कान्छो छोरोसँग भिडियो कल हुँदा 'टाउकोमा फेटा किन नलगाएको' भन्दै हप्काउँदै थिई,' केसीले सुनाए ।

पार्वती स्वास्थ्यका कारण धेरैबेर हिँड्न सक्दिनन् । त्यसैले अरू वेला एक-दुई घन्टा हिँड्ने चित्रबहादुरको अहिले 'मर्निङ वाक' समय पनि खुम्चिएको छ । करिब २० मिनेटजति हिँडेपछि पार्वती थाक्छिन् । बाटोमा बिहानै बिरामी श्रीमतीलाई हिँडाएको देखेर मान्छेहरू चकित पर्छन् । धेरैजसो बोल्न आउँछन्, दृश्य देखेर सहानुभूति प्रकट गर्छन् । बाटोमा ठोक्किनेहरूसँग भएको परिचय, संवाद र सहानुभूतिहरूले उनीहरूलाई खुसी बनाउँछ ।

> १८ वर्षदेखि सुगरकी बिरामी पार्वतीलाई अहिले अल्जाइमरले पनि च्याप्न थालेको छ । त्यसैले चित्रबहादुरले संसद्मा कम, घरमा बढी समय दिइरहेका छन् । चित्रबहादुर यतिवेला श्रीमतीको रेखदेख र हेरचाहमा व्यस्त छन् ।

संसद्मा जनजीविकाका सवालमा बोल्न नपाउँदा चित्रबहादुरलाई केही खड्किएजस्तो त लाग्छ नै । तर, संसद् छुटेकोमा उनलाई धेरै पछुतो भने लाग्दैन । 'मेरो राजनीतिक जीवनमा सधैँ मेरो सारथि भइन् उनी (पार्वती) । आज बरु राजनीति, संसद् सबै छोड्न सक्छु, तर उनलाई छोड्न सक्दिनँ !,' केसी भन्छन्, 'उनले मलाई पूर्ण साथ दिइन् । १९ वर्ष भूमिगत हुँदा घर चलाउने, छोराछोरी हुर्काउने सबै उनैले गरिन् । जंगल जाँदा घाँस-दाउरा गर्दा मभन्दा बढी भारी बोक्थिन् यिनी । साह्रै बलियो र फुर्तिली थिइन् । अहिले नसक्ने भएपछि मैले कसरी छोड्नु ? सक्दै सक्दिनँ ।'

श्रीमान्लाई सुनेर पार्वती फिसिक्क हाँसिन् । अघिसम्म सुनिरहेकी उनी पहिलोपटक बोलिन्, 'सबै गर्नुपऱ्यो । सकुन्जेली भैँसी पालेकै हो, गाउँमा अधियाँमा पनि खेतीपाती गरेकै हो । नसकपछि छोडियो । क्या गर्ने त अनि ! बाआमाले उहाँलाई जिम्मा दिएका हुन् । अब उहाँले नहेरे कसले हेर्ने ? छोराबुहारी जे भने पनि सहारा उहाँ नै हो ।'

चित्रबहादुरले सन् २०१२ सालमा आफू १४ वर्षको हुँदा नौ वर्षकी पार्वतीलाई बिहे गरेका थिए । यसबीचमा उनको सम्बन्धमा कहिले दरार आएन । गफिँदै गर्दा अचानक पार्वतीले भनिन्, 'आकाशमा बादल लाग्यो, माथि छतमा राखेको लुगा उठाएर आउँछु है !'

पार्वती छतितर लम्किँदै गर्दा चित्रबहादुरको अनुहारमा एक्कासि खुसीको अर्को बादल छायो । 'दुई-तीन भयो अलि ठीक हुँदै छ,' उनले भने, 'अस्तिसम्म दक्षिणतिर लागिन् भने फर्कँदा घर बिर्सेर धोबीखोलातिर पुग्थिन् । अहिले बादल आउँदा कपडा सुकाएको थाहा भएछ । जे होस्, बिस्तारै निको हुँदै छिन् ।'

अनि छाडे घट्टेकुलोको डेरा

केसीदम्पती पार्टी कार्यालयमा बस्न थालेको गत मंसिरको चुनावपछि मात्रै हो । उनी त्यसअघि २१ वर्षसम्म घट्टेकुलोस्थित एउटै घरमा डेरामा बसे । तीन-तीनजना घरबेटी फेरिए, तर उनी फेरिएनन् । उनले त्यही डेरामा बसेर पार्टी अध्यक्षका रूपमा तीन कार्यकाल बिताए । जो घरबेटी आए पनि, उनीप्रतिको प्रेम र सहानुभूति उस्तै थियो, कहिल्यै घटेन ।

तर, आफ्नो राजनीतिक जीवनमा त्यति लामो समय बिताएको त्यो डेरा कोरोनाकालमा भने उनले छाड्नुपऱ्यो । कारण, लकडाउन । कोरोना बढेपछि लकडाउन भयो । सुगरको बिरामीलाई बाहिर हिँडडुल गर्न मिलेन । 'मर्निङ वाक' ठप्प भयो । त्यहीकारण केसीलाई पार्वती असाध्यै गलेजस्तो लाग्यो । अँध्यारोमा चहलपहल कम हुन्छ भनेर राति चारै बजे श्रीमतीलाई डुलाउन लगे ।

त्यहीवेला मध्यबानेश्वरमा प्रहरीले रोक्यो । देख्नेबित्तिकै चिने । 'सर कता हो रातिको वेला,' एक प्रहरीले प्रश्न गरे । 'श्रीमती सुगरको बिरामी छे । धेरै भयो हिँडाउन नपाएको, त्यसैले...,' केसीले जवाफ फर्काए ।

'तपाईंले त यस्तो गर्नुभएन नि, अगाडि हाम्रा अफिसरहरू छन्, अप्ठ्यारो पार्छन्,' त्यसपछि प्रहरीले फर्कन आग्रह गरे । केसीदम्पती फनक्क फर्किएर डेरातिर लागे । त्यसपछि केसीलाई लाग्यो- अब यहाँ ठीक छैन, भैरहवा लागौँ ।

भैरहवास्थित लखनचौरमा रहेको छोरीको घर पुगे । भैरहवा बस्दाबस्दै केसी बिरामी परे । खाना मीठो नलाग्ने, निद्रा नपर्ने, दिशा क्लियर नहुने लक्षण देखिएपछि उनलाई कोरोना भएको महसुस भयो । तर, बुटवल गएर पिसिआर गराउँदा रिपोर्ट नेगेटिभ आयो । चिकित्सकले ग्यास्ट्रिक भएको भने । ग्यास्ट्रिकको औषधिले सन्चो हुँदै नभएपछि केसीले काठमाडौँस्थित सरुवारोग विशेषज्ञ शेरबहादुर पुनलाई सम्पर्क गरे । आफ्नो लक्षण सुनाएपछि पुनले पनि ग्यास्ट्रिककै औषधि सुझाए । तर, जापानमा रहेका छोराबुहारीले पत्याएनन् ।

'तपाईंलाई कोरोना लागेको हो, काठमाडौं गएर मेडिसिटी अस्पतालमा जचाउनुस्,' भनेर जिद्दी गरिरहे । अन्ततः श्रीमतीलाई भैरहवा नै छोडेर केसी छोरीलाई साथमा लिएर भैरहवा एयरपोर्ट पुगे । जब प्लेन चढे, एक्कासी सास रोकियो । 'म यहीं मर्छु कि भन्ने भयो,' केसी त्यो पल सम्झन्छन्, 'अब यो केटीले के गर्ने होली, मलाई छोरीको पो चिन्ता लाग्यो । धन्न केहीबेरपछि अलि सन्चो भयो । त्यसपछि एयरपोर्टबाट सीधै अस्पताल पुगैं ।'

केसीलाई कोरोना भएको पुष्टि भयो । 'त्यतिवेला जम्मा आठ दिन अस्पतालमा बसैं,' केसीले सम्झिए, 'इष्टमित्रहरू बाहिर ढोकाबाटै शुभकामना दिएर निस्किन्थे । कोरोनाले म पहिल्यै गलेको रहेछु, त्यसैले छिट्टै डिस्चार्ज हुन पाएँ ।'

केसीलाई कोरोना पुष्टि हुनासाथ उता जापानबाट छोराबुहारी सबै काम छोडेर नेपाल आइसकेका थिए । बुबाआमा दुवैको स्वास्थ्य अवस्था ठीक नभएपछि उनीहरूले घट्टेकुलोको डेरा सारिदिए । बाँकी रहेको भाडा पनि तिरिदिए । 'त्यसपछि २१ वर्ष म बसेको डेरा छाडेर भैरहवा पुगैं,' केसीले सम्झिए, 'बीचमा काठमाडौं आउँदाजाँदा नातागोता र पार्टी कार्यालयमा बसैं । चुनावबाट सांसद निर्वाचित भएपछि भने पार्टी कार्यालयमै बसिरहेका छौं ।'

'पार्टी कार्यालयमै किन ?' यसको कारणचाहिँ उनकी अस्वस्थ श्रीमती नै हुन् । 'पार्टी कार्यालयमा स्टाफहरू छन्, मन हुँदा श्रीमतीको रेखदेख गरिदिछन् भनेर यहाँ आएर बसेको हुँ,' उनले भने । निर्वाचनपछि वैशाखसम्म पार्वती बुटवलमै थिइन् । तर, वैशाखमा जब केसी अर्घाखाँचीस्थित जिल्ला सम्मेलनमा पुगेका थिए, त्यतिवेला पार्वतीलाई बिरामीले एक्कासी च्याप्यो । बुटवलबाट भैरहवा अस्पतालमा लग्दा सुगर अत्यधिक बढेको रिपोर्ट आयो । त्यसपछि केसीले पार्वतीलाई छाडेनन् । सरासर आफूसँगै काठमाडौं लिएर आए ।

राजनीति : के पाए, के गुमाए ?

०१४ सालदेखि नै कम्युनिस्ट पार्टीको सदस्य बनेर राजनीतिमा होमिएका केसी नेपाली राजनीतिका ठुल्ठूला परिवर्तन, घटनाक्रम, संघर्ष, खिचातानी सबैका साक्षी हुन् । संसद्का पनि उनी पाका सांसद हुन् । ०७२ सालमा देशको उपप्रधानमन्त्रीसम्म बने, तर सधैँ सादगीपन उनको परिचय बन्यो । कहिल्यै चिल्ला गाडी किनेनन्, सामान्य मानिसझैँ कहिले पैदल, कहिले टेम्पोमै हिँडे । घट्टेकुलोमा हुँदा त सिंहदरबार र संसद्सम्म पनि हिँडैरै पुग्थे । ०३१ सालमा पार्टीको केन्द्रीय सदस्य भएर ०४१ सालमा मसालको महामन्त्री, ०४४ सालमा संयुक्त राष्ट्रिय जनआन्दोलन समितिको अध्यक्ष भएका केसी त्यसपछि जनमोर्चाको केन्द्रीय अध्यक्ष बनेका हुन् । आफ्नो नाममा रुपन्देहीस्थित दीपनगरमा तीन कट्ठा जग्गा भएको र त्योभन्दा बाहेक अरू केही नभएकाले आफू खास सुकुमबासी भएको दाबी गर्छन् उनी ।

तर, राजनीति आफूले कहिल्यै पनि केही पाउनका लागि नगरेको बताउँछन् । 'राजनीतिमा लागेर केही पाएँ भन्ने नै लाग्दैन,' उनले भने, 'हाम्रो पार्टीको सिद्धान्त नै आफ् ना लागि राजनीति गर्ने भन्ने नै होइन । म आफैँ केही बनेको होइन । साथीहरू मलाई मात्रै देख्छन् । तर, हाम्रा पार्टीका दर्जनौँ साथीहरू मजस्तै दुःख पाएर क्रान्ति, परिवर्तनका लागि काम गरिरहेका छन् । मलाई बनाएको पार्टीले हो नि ! ०५१ सालदेखि पार्टीले संसद्मा भाग लियो । सांसद, मन्त्री भएपछि अन्य दलका नेताले के के गरे, नेपाली जनताले झलझली देखेका छन् । हामीले त्यस्तो कहिल्यै गरेनौँ ।'

राजनीतिमा यति लामो समय व्यतीत गरेपछि उनलाई लाग्छ, यहाँ कसैले सिद्धान्त, जनता र राष्ट्रको राजनीति गरेनन्, सबै सत्ताकै पछि कुदे, गुटगत स्वार्थमै रमाए ।

तर, उनलाई राजनीतिमा लागेर दुःख छैन । विकृतिसँग एक्लै भए पनि लड्न पाउँदा खुसी भएको बताउँछन् ।

उनको अनुभवमा राजनीतिमा अहिलेका भन्दा पुराना नेता बढी इमानदार थिए । 'कम्तीमा जुनसुकै पार्टीका भए पनि उनीहरूसँग न्यूनतम नैतिकता थियो,' उनले भने, 'जुनसुकै दलका भए पनि उनीहरू भ्रष्टाचार गर्न लाज मान्थे, डराउँथे । यस्तो मैले भोगेँ र देखेँ । तर, अहिले त्यस्तो छैन ।'

पछिल्लो निर्वाचनबाट उदाएका नयाँ शक्तिसँग पनि उनलाई खास विश्वास छैन । 'यी सबै टुप्पाबाट पलाएका हुन्,' उनले भने, 'उनीहरूले अहिलेका पार्टीका विकृति-विसंगतिको फाइदा उठाएका छन् । उनीहरूको निश्चित उद्गम कहाँ हो ? राजनीति के हो, सिद्धान्त के हो ? उनीहरू पनि बालकोट, खुमलटार, बालुवाटार दौडिएको पनि देखियो । त्यसैले उनीहरूले पनि मुलुक पार लगाउँछन् भन्ने मलाई लाग्दैन ।'

अन्तिममा ८० पार गरेका केसीले भावुक जवाफ दिए, 'जीवन साँच्चै अमूल्य छ । संघर्षले भरिपूर्ण छ । यसलाई बहुसंख्यक जनता र राष्ट्रको पक्षमा कसरी सदुपयोग गर्ने, कता खर्च गर्ने त्यो आफ्नो निर्णय हो । तर, विडम्बना धेरै मान्छे यहाँ निजी फाइदामा समय बिताउँछन् । त्यही कारण समाज राम्रो बन्न सकेन । यहाँ सीमित व्यक्ति सत्ता कब्जा गर्छन् । तपाईं-हामी त्यसकै साक्षी बस्छौं ।'



बेलायतमा नेपाली साइक्लिस्ट



सुरज राना र उषा खनाल

नेपाल साइक्लिङ संघले आगामी मार्ग अब कसरी तय गर्ला ? सन् २०२७ मा युसिआईको अर्को विश्व च्यालेन्ज हुँदै छ । संघबाट अबको तयारी कस्तो रहला ? यसबारे अलग गहन बहस आवश्यक देखिन्छ । यो लेखमा बेलायत पुगेर फर्किएका खेलाडीकै ताजा कथाव्यथाकै कुरा गरौं ।



डा. तारालाल श्रेष्ठ
समाज

नेपाली साइकल खेलाडी

अघिल्ला वर्षमा पनि विश्व साइक्लिङ च्याम्पियनका लागि नेपाललाई आमन्त्रण गरिन्थ्यो अरे ! तर, नेपाली साइकल खेलाडी विश्व साइकल प्रतिस्पर्धामा भाग लिने हैसियतको छैनन् भन्ने सुनिन्थ्यो । एकातिर संघ बलियो छैन, अर्कोतिर खेलाडी पूरै साइकलमा समर्पित बन्ने वातावरण देखिन्न । पहिलेदेखि नेपाली साइक्लिङ खेलाडीले प्राप्त गरेको नम्बर रेकर्ड पनि गरिएन । हाम्रो आर्थिक अवस्थाले आफ्नै खर्चले विश्व च्याम्पिनयमा सहभागी हुन सहज देखिन्न । यस वर्ष नेपाल साइक्लिङ संघ युसिआईमा संलग्न भयो । न्यून आय भएको देश भनेर खर्च पनि युसिआईले व्यहोरिदियो, सायद ।

खेलाडीद्वय उषा खनाल र सुरज राना संघका महासचिव रन्जन राजभण्डारीको नेतृत्वमा बेलायत गए । उनीहरू विजेता बन्न नभई सहभागिता जनाउन मात्रै गएकोजस्तो देखियो । जबकि प्रतियोगी विजेता बन्ने दृढ संकल्पसहित प्रतिस्पर्धामा सहभागी हुन्छन् । यस अवस्थाले नेपाली खेलाडी कसरी साइकल खेलकुदमा टिकिरहेका छन् भन्ने प्रश्न उब्जाउँछ ।

उषा खनाल कुनै स्थापित क्लब वा साइकल संस्थाबाट दीक्षित खेलाडी होइनन् । सामान्य च्यालीमा सहभागी हुँदाहुँदै उनले सन् २०१५ मा एउटा प्रतियोगितामा भाग लिएकी थिइन् । पहिलो खेलमै लडेर उनको खुट्टामा पाँच टाँका लगाउनुपऱ्यो । लड्दैपड्दै साइकल खेलकुदमा देखापरेकी उषाले साइकल खेलले मात्रै बाँच्न सम्भव नदेखेपछि साइकल गाइडमार्फत गुजारा गर्न थालिन् । सिजन टुरमा बढी र रेसमा कम समय दिन थालिन् । बेकारमा रेस खेलेर घाइते भइयो भने यता पर्यटन गाइडबाट हुने आम्दानी पनि गुम्न सक्छ भन्ने सोच्थिन् । तैपनि सन् २०१९ देखि फेरि साइकल रेसतिर ध्यान दिन थालिन् ।

उषा भारतमा तेन्जिङ शेर्पा साइकल च्यालेन्जमा सहभागी हुन गएकी थिइन् । स्वर्णपदकै जितेर आइन् । त्यस वर्ष दक्षिण एसियाली खेलकुदमा पनि भाग लिइन् । त्यसवेला उनको हात भाँचियो । तैपनि रजत पदक जितिन् । नेपाल सरकारले ६ लाख दिएको थियो, उनी दङ्ग थिइन् । तर, उनको हातको उपचारमै सबै पैसा सकिएछ । अझ उनकी आमालाई क्यान्सर रोगले गाँज्यो । आमाको स्याहार गर्दागर्दै विश्व च्याम्पियनको तयारी गर्नसमेत पाइनन् । बेलायत उड्नुपर्ने सातामा आमाको मृत्यु भयो । पाँच दिनमै नुन फुकाएर उषा विश्व च्याम्पियनमा प्रतिस्पर्धा गर्न बेलायत पुगिन् । कमजोरीले रिंगटा छुटिरहेको अवस्थामा बेलायतमा खानेबस्ने व्यवस्था होटलमा महँगो भयो । उनले साथीको पनि साथीलाई गुहारेर आफैंले खाना पकाएर खाँदै तालिम लिइन् । प्रतिस्पर्धामा सहभागी भइन् । साइकल हाँक्दै गर्दा नेपाललाई सकेसम्म याद पनि नगर्ने कोसिस गरेको उनले अनुभव सुनाइन् । नेपाल सम्झ्यो कि आमाको यादले उनलाई सताउँदो रहेछ । प्रतियोगी साथीहरू रकेट कुदेझैं साइकल कुदाएको देखेर उनी झस्याँगै भइछिन् । उनले सुनाइन्, 'हामी कुन हैसियतमा रहेछौं भन्ने छर्लंग भयो ।' अरू देशका खेलाडीसँग कोचसमेत रहेछन् । तर, नेपाली टोलीसँग आवश्यक सुविधाका सामानसमेत छैनन् । शरीर वार्मअप गर्ने रोलरसमेत छैन । फेर्ने राम्रो साइकल रेस सुट छैन ।

सिन्धुपाल्चोक सुनकोसी गाउँपालिकाबाट काठमाडौं भागेर आएका सुरज रानाको यथार्थ पनि उस्तै छ । मामाको छोरा साइकल पसलमा काम गर्थे, काठमाडौंमा । उनले पनि साइकल पसलमै काम गर्न थाले । साइकल चलाउने लत लाग्यो । बिहानभर साइकल हाँक्यो । जहाँ साइकल रेस हुन्थ्यो, त्यहाँ पुग्यो । च्याली, राइड जहाँतहीं सहभागी भइहाल्थ्यो । ख्यालख्याल गर्दागर्दै सन् २०१६ र २०१७ मा जुनियर साइकल रेसमा सुरज प्रथम भए । त्यसपछि सहभागी हुनेबित्तिकै विजेता बन्न थाले । अजय पण्डित, अनुज पराजुली, राजकुमार श्रेष्ठ, नारायणगोपाल महर्जनले राइड गर्दागर्दै अनौपचारिक तालिम दिन्थे, सित्तैमा । राष्ट्रिय खेलाडी मात्रै होइन, तिब्बतसम्म पुगे । सशस्त्र प्रहरी बलमा आबद्ध भएर काम गर्न पनि थाले । अन्ततः उषासँगै ऐतिहासिक साइक्लिङ च्याम्पियनसिपमा सहभागी बन्न बेलायत पुगे । फरक संसार, फरक बाटो, सबै अलग लाग्यो । सुरजले अग्रज हर्क लामाको साइकल मागेर लगेका थिए । दोस्रो दिनमै नराम्ररी लडेछन् । अलि राम्रो साइकल लिएर गएकाले एलाइनमा कुदाउन सकेको उनको अनुभव छ । एक ठाउँमा मात्रै एलाइन हाँक्न सकेनन्, त्यो पनि दुर्घटनामा परेको कारण । उकालोमा ठेलामठेल भिडमा हुटिङ गर्ने धेरै थिए, गो नेपाल गो भन्नेहरू । नेपाललाई चिन्नेहरू । नेपाली झन्डा पनि बोकेका विदेशीहरू पनि, उषा सम्झन्छन् । स्टार्ट ल्याप सकेर पुल ल्यापपछि दोस्रो र तेस्रो ल्यापसम्म कुदाउँदा सबै अघि गइगए । उनीहरू एक-आपसलाई सघाउँदै कोचविनै प्रशिक्षण र प्रतिस्पर्धा गरे । सुरजले सबैमा एलाइन हाँक्न सकेकोमा उनी सन्तुष्ट देखिन्थे । ख्यालख्यालमै व्यक्तिगत सौखबाट साइकल खेलाडी बनेका उषा र सुरजजस्ता नेपालमा धेरै खेलाडी छन् ।

अवसर र सम्मानको अभावमा धेरै स्वर्णपदक विजेता साइक्लिस्टहरू पलायन भइसकेका छन् । थप पलायन बन्ने क्रम बढ्दो छ । बुद्धिबहादुर तामाङजस्ता धेरै होनहार नेपाली साइकल खेलाडी देशबाट बाहिरिएका छन् । यस्तो वेला नेपाल साइक्लिङ संघ बलियो बनाउनुको विकल्प छैन ।

विश्व साइकल संगठन

नेपालका दुईजना साइकल खेलाडी यसै साता विशाल विश्व साइकल च्याम्पियनमा प्रतिस्पर्धा गर्न बेलायत गए । साइकल समुदायको शक्ति प्रदर्शनको ऐतिहासिक प्रतिस्पर्धा गराउन युनियन साइक्लिस्ट इन्टरनेसनल (युसिआई) सफल भयो । स्कटल्यान्डले आफ्नो ११ युसिआई विश्व च्याम्पियन तथा ६ ओलम्पिक स्वर्णपदक विजेता साइकल खेलाडी क्रिस होईलाई इभेन्ट एम्बासडर बनायो । विश्वका एक सय २२ देशबाट साइकल खेलाडी एकै ठाउँ भेला हुँदा विश्वबजार साइकल महिमागानले गुञ्जियो । सन् १९२७ देखि प्रसिद्ध इन्द्रेणी जर्सीमा सजिएर विविधताले भरिपूर्ण मास साइकल खेलाडी एकै ठाउँमा एकै समय इतिहासमै पहिलोपटक एउटै इभेन्टका लागि यसरी भेला भएका थिए । ११ दिनसम्म १३ विधामा प्रतिस्पर्धा गर्न आठ हजारभन्दा बढी सक्रिय साइकल खेलाडी स्कटल्यान्डमा उपस्थिति थिए, दर्शकबाहेक । सन् १९०० अप्रिलमा फ्रान्समा स्थापित युसिआईको मात्रै झन्डै एक लाख ४० हजार सदस्यबीच ६५ हजार आबद्ध साइकल क्लबहरू रहेछन् । तिनले सन् २०२२ मा मात्रै ३३ हजार सात सय ५५ खेलकुदलगायत साइक्लिङ कार्यक्रम सञ्चालन गरेको देखिन्छ ।

> अवसर र सम्मानको अभावमा बुद्धिबहादुर तामाङसहित धेरै राम्रा साइक्लिस्टहरू पलायन भइसकेका छन् । थप पलायन हुने क्रम बढ्दो छ । यस्तो वेला नेपाल साइक्लिङ संघ बलियो बनाउनुको विकल्प छैन ।

अबको विश्वबजारमा साइकल खेलकुदसँगै साइकल संस्कृति प्राथमिकता पर्दै छ । बेलायतमा मात्रै गत वर्ष १.८ मिलियन साइकल बिक्री भएको तथ्य छ, जहाँ परम्परागत, बिएमएक्स, इन्डुरो, ग्राभेल, हाइब्रिड, कम्युटर र इ-साइकल सबै उमेर र क्षमताका नागरिकले आवश्यकताअनुसार दैनिक साइकल चलाउँछन् । बेलायत यसर्थ यस साइक्लिङ विश्व च्याम्पियनमा सबैभन्दा बढी स्वर्णपदक विजेतासहित पहिलो बनेको छ । विश्वजगत्मा साइकलले यस्तो चर्चा पाइरहँदा नेपाली दुई साइकल खेलाडी बेलायत पुगे । प्रतिस्पर्धा गरेर अदृश्य, अमुकझैं चुपचाप स्वदेश फर्किए । यसर्थ उनीहरू को हुन् ? कसरी त्यहाँ पुगे ? त्यहाँ के भयो, के भएन ? उनीहरूको अनुभव-अनुभूति पक्कै उपयोगी हुन सक्छ ।

नेपाली साइकल संगठन

युसिआईमा नेपाल साइक्लिङ संघ आबद्ध भएपछि नेपाली साइक्लिस्ट पहिलोपटक विशाल विश्व साइक्लिङ च्याम्पियनमा सहभागी भएको हो । युसिआईले वार्षिक विश्वका सयौं साइकल खेलाडीलाई यसको मुख्यालय स्विट्जरल्यान्डमा विशेष तालिम दिँदै आइरहेको देखिन्छ । साइक्लिङ खेलकुदसँगै साइकल संस्कृतिका लागि स्वर्णभूमि मानिने नेपालमा सन् १९९५ मै साइकल संघको स्थापना भएको देखिन्छ । संघका अध्यक्ष गोपालसुन्दर कक्षपतिका शब्दमा २८ वर्षको इतिहास बोकेको संघसँग आजसम्म एकजना व्यावसायिक कोचसम्म छैन । संघको अफिस आज पनि झोलामै देखिन्छ । कर्मचारी, दस्तावेज केही व्यवस्थित छैन । पदाधिकारीहरू २८ वर्षदेखि समाजसेवा गरिरहेको पीडा पोख्छन् । सरकारले साइकल खेलकुद र साइकल संस्कृतिलाई पूरै बेवास्ता गर्दै आइरहेको बताइन्छ । यति हुँदाहुँदै पनि संघले संसारकै सबैभन्दा विशाल साइकल विश्व च्यालेन्जमा नेपाली खेलाडीलाई सहभागी गरायो । यसअघिका नेपाली साइकल खेलाडीका रेकर्डहरू पनि राम्रो देखिन्छ । साफ च्याम्पियनसिपमा चार स्वर्णसहित १० मेडल हात पारेर नेपाल पहिलो भयो । बेलायतबाट फर्किएका दुवै खेलाडी भारत र चीनमा निर्धारित च्यालेन्जमा प्रतिस्पर्धा गर्न छनोट भइसकेका छन् । विश्वमा साइकल खेलकुदको सुनौलो भविष्यको थप बढोत्तरी भएको देखिन्छ । सामान्य संस्थागतसम्म बन्न नसकेको

अबको यात्रा

युसिआई अजेन्डा २०३० अनुसार साइकललाई २१औं शताब्दीको सबैभन्दा प्रभावशाली खेलकुद बनाउने मात्रै नभई साइक्लिङलाई जीवनशैलीकै रूपमा विस्तार गर्ने लक्ष्य लिएको देखिन्छ । साइक्लिङ यस धर्तीकै अबको आशाको केन्द्र बन्दै छ । जसमार्फत कम कार्बन उत्सर्जन गर्दै शून्य कार्बन विधिबाट मानव सभ्यताकै सबैभन्दा ठूलो संकट टार्ने उद्देश्य छ । खेलकुद जगत्ले निकै ग्रिनहाउस ग्यास उत्सर्जन गरिरहेको सन्दर्भमा साइकल खेलकुद दिगो खेलको रूपमा विस्तार हुँदै छ । साइक्लिङप्रति आमनागरिकको आकर्षण बढ्दै छ । साइक्लिङबाट सन् २०५० सम्ममा २५ ट्रिलियन आर्थिक बचत हुने प्रक्षेपण छ । वैज्ञानिकले सन् २०३० सम्ममा कार्बन उत्सर्जन आधा घटाएर ग्लोबल वार्मिङ १.५ डिग्रीमा नझारी हुन्न भनिइरहँदा संयुक्त राष्ट्रसंघको विकास लक्ष्यले दिगो समावेशी विकासका लागि साइकल प्रयोगमा जोड दिएको हो ।

विश्व साइक्लिङ च्यालेन्जमार्फत साइकल संस्कृतिमा आममानिसलाई आकर्षित गर्न खोजिँदै छ । यसर्थ हामीले पिँधबाट पसिना बगाउँदै उठेका नेपाली साइकल खेलाडीलाई साइक्लिङ खेलकुदमै टिकाउन सक्षम नेपाल साइकल संघको संस्थागत विकास गर्नुको विकल्प देखिन्न ।

(साइकल संस्कृति अभियानका संयोजक श्रेष्ठ नेपालमा साइकल कानुन निर्माणमा भोलेन्टियरका रूपमा सक्रिय छन्)

विद्रोहको अर्को नाम

प्रदीप गिरिको मान्यता थियो- समाजवादको वैचारिक अवधारणा आधारभूत रूपले कामदार वर्गको अवधारणा हो । तर, नेपाली कांग्रेस कामदार वर्गको पार्टी थिएन ।



किशोर नेपाल
kishore.nepal@gmail.com
सम्झना

> प्रदीप दाइ भन्नुहुन्थ्यो- अहिले एउटा युगको अन्त्य हुँदै छ । यसपछि नयाँ युगको सुरुवात हुनेछ । हामी जुन व्यवस्थालाई स्वीकार गरेर हिँडेका छौं, यो हाम्रो व्यवस्था होइन । यसबारे नेपाली कांग्रेसमा बडो अनभिज्ञता छ । यस्तो अनभिज्ञता अरू पार्टीमा पनि होला...।

उहाँको अर्को नाम थियो विद्रोह । विद्रोह समाजसँग । विद्रोह परिवारसँग । विद्रोह पार्टीसँग । विद्रोह आफैंसँग । मनमा भावनाको भेल आएका वेला प्रदीप दाइको प्रेमका अकथित पानाहरू पनि खोलौंला । उहाँ प्रेमको बिम्ब हुनुहुन्थ्यो । महिमालायक प्रेमको बिम्ब ।

समतावादी चिन्तक, लोकतान्त्रिक समाजवादी दर्शनका अध्येता तथा स्वतन्त्रताका पहरेदार प्रदीप दाइ (प्रदीप गिरि) ले आफ्नो देह विसर्जन गर्नुभएको एक वर्ष पूरा भएको छ । मानिस जन्मिएपछि मर्छ । यो सामान्य कुरा हो । मृत्यु मानिसको अन्तिम नियति हो । देह विसर्जन गर्ने मानिसको यो निर्यातिले उसका प्रियजनलाई केही समयका लागि दुःखको सागरमा डुबाइदिन्छ । त्यसपछि प्रियजनको घाउ पुरिँदै जान्छ र सबै कुरा सामान्य हुन थाल्छ । तर, केही प्रियजन वाचाल हुँदैनन् । प्रदीप दाइका प्रियजन पनि वाचाल थिएनन् । खुसी पनि चुपचाप भोग्ने र दुःख पनि चुपचाप सहने व्यक्तिहरूले घेरिएर बस्नुहुन्थ्यो प्रदीप दाइ । आफ्नो जन्मभूमि बस्तीपुर, सिराहामा उहाँले आश्रमको स्थापना गर्नुभएको थियो । आफू आश्रममा बसेका वेला बाँसुरी बजाउन खप्पिस विजयको 'शराब' पिउने आदत सुधार्ने, सफिदको आत्मबल बढाउने, जितनी रामको स्वाभिमानलाई उत्साहित गर्ने र गम्भीर लामाको अव्यक्त अभिव्यक्तिहरूको अर्थ खुलाउने काममा दत्तचित्त रहनुहुन्थ्यो प्रदीप दाइ । उहाँको आश्रम सन्त नेता कृष्णप्रसाद भट्टराईको चिन्तनको थलो थियो । धेरै राजनीतिकर्मीको आकर्षणको केन्द्र थियो आश्रम । आश्रम मानवीय चेतनाको प्रतीक थियो ।

प्रदीप गिरिको जन्म कांग्रेसी परिवारमा भएको थियो । उहाँका पिता मित्रलाल गिरि सिराहाका सम्भ्रान्त व्यक्ति हुनुहुन्थ्यो । प्रदीपका काका रुद्रप्रसाद गिरि नेपालमा प्रजातन्त्र स्थापनाका लागि २००७ सालमा भएको जनक्रान्तिका कमान्डरमध्ये एक हुनुहुन्थ्यो ।

प्रदीप गिरिलाई सर्वप्रथम समाजवादी बाटोमा डोहोऱ्याउनुभएको थियो, सहिद सरोजप्रसाद कोइरालाले । नेपाली कांग्रेसले दोस्रोपटक राजाको नेतृत्वमा निर्दलीय पञ्चायत व्यवस्थाको नाममा चलेको निरंकुश राजतन्त्रका समयमा मधुवनी, भारतमा निर्वासित जीवन बिताइरहनुभएका सरोज कोइरालाको हत्या गरेका थिए, निर्दलीय आततायीले । मधेसको राजनीतिमा सक्रिय रहनुभएका सरोज कोइरालाको जघन्य हत्या लोकतान्त्रिक आन्दोलनको सर्वाधिक ठूलो क्षति थियो । प्रदीप गिरिलाई समाजवादी बाटोमा डोहोऱ्याउने क्रममा सरोज कोइरालाले आफ्ना पुस्तकको सानो संग्रहालयबाट भारतीय समाजवादी चिन्तक अशोक मेहताले लेख्नुभएको पुस्तक 'लोकतान्त्रिक समाजवाद' पढ्न दिनुभयो । अशोक मेहता गान्धीवादका हितैषी हुनुहुन्थ्यो । तर, उहाँको मित्रता थियो, डा. राममनोहर लोहियासँग । लोहिया स्वयं पनि गान्धीजीका अनुयायी हुनुहुन्थ्यो । तर, राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको बाटोमा लाग्नेले हिंसाको परहेज गर्न नहुने मान्यता राख्नुहुन्थ्यो । लोकतान्त्रिक समाजवादी विचारधारासँग प्रदीप गिरिको सामिप्यको सेतु अशोक मेहताको यही पुस्तक थियो । प्रदीप दाइले मलाई बताउनुभएको थियो - लोकतान्त्रिक समाजवादसँगको मेरो पहिलो परिचय, आकर्षण र लगाव यहींबाट सुरु भएको हो ।

नेपाली कांग्रेसले सन् १९५६ मा मात्रै लोकतान्त्रिक समाजवादलाई

अनुभूतिहरूमा विचरण गर्दा




तेजेश्वरबाबु ग्वंगः
gongah36@gmail.com
समीक्षा

> कविताहरू सरसर्ती पढ्ने । पढ्दापढ्दै कवि राजभण्डारीका जीवन अनुराग कवितामा प्रकट भएको पाएँ । अनुभवका अनेक संगालो जीवनको उत्तरार्धमा आर्जन बन्छ । विविध कालखण्डमा विभाजित जीवनका अनुभूति एकत्रित भएर कविताको मगमगाउँदो हरफ बनेको पाएँ ।

गुणाधीश राजभण्डारी बैंसले पाको पुरुष । वस्तुतः राजभण्डारीज्यू भक्तपुरका बासिन्दा हुनुहुन्छ । पूरापूर भक्तपुर मंगलार्छैं, नासमना टोल पुस्तेवारी आगम् । आगम् - आफ्ना पुख्यौंली घर । आगम् सबभन्दा पहिले पुर्खा आएर बसोवास गरेको थलो । महिमा अपरम्पार छ कुलघर- कुलघरानाको । चार बीस काटेर सम्भवतः त्रियासी बैंसे युवा । उहाँको जीवनले मारेका छलाङ सम्झिँदा लाग्छ, राजभण्डारीज्यू मध्यकालका राजषी ठाँटकै राजघराना । मंगलार्छैं - नासमना - मूंलाखुस्थित पुख्यौंली काष्ठकारिगरीपूर्ण खम्बाका आकार - उचाइ - मोटाइ हेर्दा, देख्दा सबैलाई यस्तै अनुभूति मिल्दो हो । जेहोस् काव्यात्मक अनुभूति नैसर्गिक गुण । मानव चेष्टाधारी प्राणीका । विवादास्पद विषय नबन्ला । भन्छु, चारबीस वसन्तपारि पुगेर रचित काव्यात्मक संगालो यस्तै ओकल्छ । पाठकका अनुभूति कस्तो होला ? जीवनका अनुभूतिमाथि कावा खाँदा यस्तै-यस्तै अनुभूति हुँदा हुन् । सबै चेतहरू कुनै न कुनै प्रकारले भावुक प्राणी हुन्, जसले अनुभूतिहरू शब्दमा व्यक्त गर्छन् । अनि बन्छन् कवि ।

कविता भावनाप्रधान मनका तरल तरंग । शब्दमा व्यक्तिने मनोवेग ! भावुक अन्तराल छचल्किन्छ आवेग बनेर । मुहूर्त-मुहूर्तमा । पर्वाह गर्दैन, उर्लेको वेला तरंग तरंगिएर । माया-स्नेहले चुम्बन गर्न पुग्छ, भावुक मनका, तरंग तर्कनामा अपसराका गुलाबी चेहरामा । लाजगाजले गाँजिन्न भावुकताका उद्वेगमा लहराको तरंगबीचमा । स्वछन्द बन्छ कवित्व तर्कना ! कवि - कविताका गुणवत्ता लक्षण - अविधा, लक्षणा, व्यञ्जनाभाव तर्कना । यस्तै बन्छ - बग्छ उद्वेग संगालेर कविको उर्लंदो भाव तरंग । भाव तरंगले उद्वेलित पार्छ जब, तब नै सिर्जनाको मूल फुट्छ । नयाँ पुरानाका भेद - विभेद राखिन्न कतै - कबै ...! कवि कवि नै आखिर । गुणाधीश राजभण्डारीका भावनामा उर्लेका स्पन्दनहरू पढ्दा नअत्तालीकन आफ्नै वशमा बस्न कठिन लाग्छ, यो उनान्नब्यौं वर्षको सँघारमा !




जीवनका अनुभूतिहरू सरसर्ती पढ्ने । पढ्दापढ्दै राजभण्डारीका जीवन अनुरागहरू कवितामा प्रकट भएको पाएँ । नश्वर शरीरमा व्यक्त मनोभाव अनुभूतिगम्य जीवनका शिखरवर्ती स्वानुभूति । अनुभवका अनेक संगालो जीवनको उत्तरार्धमा आर्जन बन्छ । विविध कालखण्डमा विभाजित जीवनका अनुभूतिहरू एकत्रित भएर कविताको मगमगाउँदो हरफ बनेको छ । कविताका हरफ र पंक्ति उद्धरण गर्ने धृष्टता गरिएन यहाँ । त्यसो गर्दा आफ्नै धृष्टताका बडप्पन प्रज्ञापन हुन्छ जस्तो लाग्छ । पाठक नै बनून् अनुरागका अद्भूत अनुरागी ! पाठक नै बनून् संकल्पित कवितानुरागी !

तथापि, बिट मार्नुअघि पहिला कविताका केही हरफ उद्धरण गर्नु समीक्षकको दायित्व ठान्नैं- माने ! यद्यपि लेखरचनाका मात्र आत्मोपरक - आयामिक निबन्धकार मैले गुणाधीशका चारबीस पारिका तन्नेरी भावनालाई उजागर गर्न मन पराएँ :

उसै त मेरा मन चञ्चल चञ्चल
आयौ तिमी जीवन भो झलमल
हाम्रो जीवन भो सुखदुःखले जलथल
जीवन हो जीवनमा हुन्छ हलचल
मोमबत्ती बल्यो मनमा पलपल
जीवन पनि त हो मोम बलिरहेका हरपल
तिमिर हटाई पारि सबतिर उज्ज्वल ।

कवि राजभण्डारी अन्त्यानुप्रासमा सचेत रहेछन् ।



समतावादी चिन्तक, लोकतान्त्रिक समाजवादी दर्शनका अध्येता तथा स्वतन्त्रताका पहरेदार प्रदीप दाइ (प्रदीप गिरि)ले आफ्नो देह विसर्जन गर्नुभएको एक वर्ष पूरा भएको छ। मानिस जन्मिएपछि मर्छ। यो सामान्य कुरा हो। मृत्यु मानिसको अन्तिम नियति हो।

आफ्नो राजनीतिक लक्ष्य बनाएको हो। साँच्चै भन्ने हो भने १९५० यता नेपाली कांग्रेसको अधिकांश समय राजा महेन्द्रको तानाशाहीसँग लड्दैमा बित्यो। त्यसैले पनि नेपाली कांग्रेसले समाजवादको व्याख्या गर्ने र यसका विभिन्न पक्षमा बहस चलाउने मौका पाएन।

प्रदीप गिरिको मान्यता थियो- समाजवादको वैचारिक अवधारणा आधारभूत रूपले कामदार वर्गको अवधारणा हो। तर, नेपाली कांग्रेस कामदार वर्गको पार्टी थिएन। नेपाली कांग्रेसको नेतृत्वमा मध्यमवर्गीय किसानका शिक्षित सन्ततिको पकड थियो। यद्यपि, सरोज कोइरालाजस्ता समान विचार राख्ने नेताहरू अपवादका रूपमा समाजवादका पक्षमा उभिएका थिए।

प्रारम्भिक दिनमा प्रदीप गिरिको समाजवादी विचारमा सर्वसाधारण जनताको यथार्थ अवस्था समाहित हुन सकेन। किन यस्तो भयो त ? राजनीतिक दलहरूले समाजवादलाई जनताको ध्यान खिच्न सक्ने नाराको रूपमा मात्रै विकसित गरे। नेपालमा लोकतन्त्र र समाजवादको गहन प्रयोग गर्ने अवसर आउनै लागेका वेला राजा महेन्द्रले सन् १९६० मा संसदीय प्रजातन्त्रको विघटन गरे। देशले त्यसपछिका तीस वर्ष सकसमा बितायो।

प्रदीप गिरिको विचारमा सन् १९९० बाट नेपालमा नयाँ युगको प्रारम्भ भयो। गणेशमान सिंहको नेतृत्वमा भएको राष्ट्रिय जन-आन्दोलनमा वामपन्थीहरूको सहभागिता भएकोमा कांग्रेस गौरवान्वित भएको थियो।

नेपाल र नेपाली समाजको अवस्थाको विवरण र व्याख्या गर्ने प्रयत्न नभएकोमा प्रदीप गिरि उद्विग्न हुनुथ्यो। मसँगको अन्तर्वार्तामा उहाँले भन्नुभएको थियो, 'न त बिपीले लोकतान्त्रिक समाजवादलाई नेपाली सन्दर्भमा व्याख्या गर्न भ्याउनुभयो, न त मदन भण्डारीले जनताको बहुदलीय जनवादको व्याख्यालाई पूर्णता दिन भ्याउनुभयो। कांग्रेस र एमालेभित्र वैचारिक अवधारणालाई स्थापित गर्न सक्ने अरू कुनै सिर्जनात्मक हस्ती देखिएनन्।'

प्रदीप गिरिले नेपाली समाजवादका विशेषताको पहिचान गर्नुपर्ने बताउनुभएको थियो। माओवादी नेतृत्वमा सहभागी महिला, दलित, आदिवासी, जनजातिको पहिचान कायम हुनुपर्ने विचार थियो उहाँको। पछिल्लो समयमा नेपाली कांग्रेसका सांसद प्रदीप गिरि र माओवादी पार्टीका अध्यक्ष तथा हाल प्रधानमन्त्री प्रचण्डबीच नियमित राजनीतिक परामर्श हुने गरेको थियो। गिरिको निधनपछि राजनीतिक परामर्शको त्यो तन्तु छिनेको छ। प्रधानमन्त्री प्रचण्ड यतिखेर सत्तावृत्तले खडा गरेका अनेक अझ्यौलामा उल्झिनुभएको छ भने नेपाली कांग्रेसका सभापति देउवा 'पोलिटिकल एडजस्टमेन्ट'मा लाग्नुभएको छ।

एकपटक मैले प्रदीप दाइसँग सोधेको थिएँ- देशमा अहिले जुन प्रकारको असन्तुष्टि र हाहाकारको स्थिति छ, त्यो कहिलेसम्म रहन्छ ?

प्रदीप दाइको जवाफ थियो- अहिले एउटा युगको अन्त्य हुँदै छ। यसपछि नयाँ युगको सुरुवात हुनेछ। हामी जुन व्यवस्थालाई स्वीकार गरेर हिँडेका छौं, यो हाम्रो व्यवस्था होइन। यसबारे नेपाली कांग्रेसमा बडो अनभिज्ञता छ। यस्तो अनभिज्ञता अरू पार्टीमा पनि होला...।

टोपीको राष्ट्रियता

पहिले, टोपी लगाउनेलाई 'गाउँले', 'अनपढ' र 'गवाँर' भन्थे। अहिले यही टोपी राष्ट्रियताको प्रतीक बनेर अनपढ भन्नेहरूलाई गतिलो झापड दिएझैं लाग्छ।



रामबहादुर थापामगर

यात्रा

संयुक्त राष्ट्रसंघको मुख्यालय, न्युयोर्कमा विश्वका आदिवासी जनजातिको मुद्दासम्बन्धी काम गर्ने निकाय छ, जसलाई 'संयुक्त राष्ट्रसंघ, आदिवासी मामिलासम्बन्धी स्थायी मञ्च' भनिन्छ। स्थायी मञ्चले हरेक वर्ष विश्वका आदिवासी जनजातिका मुद्दाबारे छलफल गरी निर्णय पारित गर्न सम्मेलनको आयोजना गर्छ। यसको महत्त्व र गरिमाको कारण सम्मेलनमा विश्वका सरकार, आदिवासी जनजातिका संगठन, आदिवासी जनजाति अभियन्ता र अध्येयताको सहभागिता हुन्छ। स्थायी मञ्चको २२औं सेसनमा नेपालको आदिवासी जनजातिको स्थिति र भावी कार्यदिशा तथा अन्तर्राष्ट्रिय जगत् र संयुक्त राष्ट्रसंघले खेल्नुपर्ने भूमिकाबारे सम्बोधन गर्न आदिवासी जनजाति आयोगको अध्यक्षको हैसियतमा २३ अप्रिल २०२३ मा म न्युयोर्क गएको थिएँ।

२७ अप्रिलमा सेसनलाई सम्बोधन गरेपश्चात् मे ५ मा नेपाल फर्कें। सन् २०१० मा पनि सोही सेसनमा भाग लिएको थिएँ। त्यो वेला राज्यको नभई आदिवासी जनजाति महासंघको महासचिव र सभासद्को हैसियतमा गएको थिएँ। त्यतिखेर अबुधाबी हुँदै न्युयोर्क यात्राका क्रममा वैदेशिक रोजगारीमा गएका नेपालीसँग भेट्ने मौका मिलेको थियो। मैले लगाएको ढाकाटोपी देखेर अबुधाबीको विमानस्थलका सुरक्षा जाँचकी र सरसफाइमा काम गर्ने नेपालीले देखाएको आत्मीयताले यो संस्मरण लेख्न उत्प्रेरित गरेको थियो।

काठमाडौं-दुबई

यात्राको गन्तव्य काठमाडौंदेखि न्युयोर्कको। तर, उडानको पहिलो चरण काठमाडौंदेखि दुबईसम्मको थियो। चार घन्टाको उडानपछि स्थानीय समयानुसार बिहानको ४ बजे दुबई पुगियो। दुबईसम्मको यात्रामा नेपाल एयरलाइन्समा एकादुईबाहेक व्यापारिक वर्गको सिटमा प्रायः नेपाली थिए। न्युयोर्क जाने साथी छन् कि भनेर आँखा डुलाएँ, तर सबै व्यापारी दुबईमै उत्रिए।

जहाजबाट झर्दा इकोनोमिक क्लासमा यात्रा गरेका नुवाकोटका भाइसँग चिनजान भयो। युवाहरूको सम्मेलनमा भाग लिन न्युयोर्क नै हिँडेका रहेछन् उनी। अन्तर्राष्ट्रिय उडानबाट यात्रा नगरेको दशकौं भएको थियो। भाइले सघाए। उनको उडान मेरोभन्दा अगाडि र बाटो पनि सीधै न्युयोर्क तर मैले इटलीको मिलान हुँदै जानुपर्ने। उनको उडान दुई घन्टाअगाडि भयो। भाइलाई बिदा गरेपछि म एयरपोर्टपरिसरमै डुलिरहेको थिएँ। म आफ्नो उडान गन्तव्यको ढोका पत्ता लगाउने क्रममा थिएँ। अलमलिएजस्तो मेरो हाउभाउ देखेर दुबई एयरपोर्टको कस्मेटिक पसलमा काम गर्ने बालुवाटारकी गुरुङ बहिनी मलाई पथप्रदर्शकको रूपमा सहयोग गर्न आइन्। उनलाई धन्यवाद दिएर म सुझाबअनुसार प्रतीक्षालयमा बसेर साथीभाइ र आफन्तलाई यात्राको जानकारी गराइरहेको थिएँ। मोबाइलको ब्याट्री कम हुँदै थियो। चार्ज गर्ने स्थान खोज्न भौंतारिइरहेको थिएँ। विभिन्न ठाउँमा चार्जका लागि कोसिस गरेँ तर भएन। चितवनका बाहुन थरका भाइले मलाई सघाए र आराम गर्ने स्थानसमेत देखाइदिए। त्यहीँ बसिरहँदा ताप्लेजुङको शेर्पा र ओखलढुंगाकी क्षेत्री बहिनी म नजिक आएर चिनजान गरे। स्कुल जाने उमेरमा किन विदेशमा आएको भन्ने मेरो जिज्ञासामा बाध्यताले आएको जवाफ दिए। केहीबेरपछि उनीहरूको आत्मीयता र सहयोगको प्रशंसा गर्दै दुबईबाट इटलीको मिलानतर्फ उडें।



स्वदेशमा भन्दा विदेशमा राष्ट्र र राष्ट्रियताको महत्त्व बढी हुँदोरहेछ। दुबई एयरपोर्टमा भेटिएका बालुवाटारकी गुरुङ बहिनी, चितवनका बाहुन भाइ, ओखलढुंगाकी कार्की, ताप्लेजुङकी शेर्पा र बनेपाकी राउत बहिनीहरूले कसरी मलाई माया, सम्मान र सहयोग गर्न पुगे ? उनीहरूले मलाई कसरी चिने ? यी सबैको कारण मेरो शिरको टोपी र उनीहरूको घर नेपाल भएकाले हो।

मिलान-न्युयोर्क

उडेको साढे चार घन्टापछि इटलीको मिलान सहरमा पुगियो। मिलान एयरपोर्ट वरिपरिको केही दृश्य क्यामेरामा कैद गरेँ। मिलानदेखि न्युयोर्कका लागि जहाज उड्ने समय भएपछि जहाजमा चढें। सिटमा बस्नुभन्दा अगाडि अरेबियन पोसाकमा सजिएकी एकजना एयर होस्टेसले नेपाली भाषामा बोल्दै बस्ने सिट देखाइदिइन्। म अचम्मित भएँ। उनीप्रति अपार आस्था जागेर आयो। फोटो खिच्न अनुरोध गर्नासाथ स्वीकृति दिएपछि उनको फोटो लिएँ। विमानमा नेपाली यात्रु नभेटेको क्षणमा जहाजको कर्मचारी नै नेपाली भेट्नु अन्तर्राष्ट्रिय उडानमा जोकोही नेपालीलाई खुसी लाग्ने नै भयो। केही समयपछि उनै एयर होस्टेस खाजा लिएर आइन्। हाम्रो दोहोरो कुराकानी भयो। परिचय सोध्दा आफू काभ्रेको पनौतीमा घर भएको, तर बेल्जियममै हुर्केर यो पेसामा आएको बताइन्। यात्राभरि चिसोतातो, खाना, खाजा र पेयपदार्थको व्यवस्थामा खुबै ख्याल राखेर आत्मीयता दर्साइन्। जहाज स्थानीय समयअनुसार बेलुकाको ७ बजे न्युयोर्कको जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भयो।

न्युयोर्कमा छचल्किएको राष्ट्रियता

मे २४ मा न्युयोर्क पुग्दा स्थायी मञ्चको सेसन चलिरहेको थियो। २५ तारिखमा संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगको कार्यालय म्यानह्याटनमा महामहिम अमृतबहादुर राईसहित नियोगका कर्मचारीसँग भेटघाट भयो। अप्रिल २६ मा स्थायी मञ्चको दुईवटा सेसनलाई सम्बोधन गर्‍यें। सम्बोधनमा आदिवासी जनजातिको हक-अधिकार संरक्षण र संवर्द्धनका लागि आदिवासी जनजाति आयोगको संक्षिप्त परिचय तथा संयुक्त राष्ट्रसंघले खेल्नुपर्ने भूमीका र तराईका थारू आदिवासी जनजातिमा देखिएको सिकल-सेल एनिमियाबारे प्रस्ट्याएँ। सेसनलाई सम्बोधन गरेपश्चात् विश्वभरिबाट सम्मेलनमा आएका आदिवासी जनजाति साथीहरूसँग भेटघाट भयो। स्थायी मञ्चका अध्यक्षसँग पनि भेटघाट भयो। साथीहरूसँग फोटो लिने क्रममा पनि मेरो टोपीको बखान गरे विदेशी साथीले। अमेरिकामै आदिवासी जनजाति संघसंस्थाले गरेको सम्मान तथा छलफल कार्यक्रममा सहभागी हुँदाहुँदै एक हप्ता बित्यो।

१३ वर्षअगाडि न्युयोर्कमा नेपालीहरू बिरलै भेटिन्थे। तर, अहिले न्युयोर्कको ज्याक्सन हाइट नेपालकै कुनै सहरजस्तो भइसकेछ। नेपालीहरू आ-आफ्नै काममा व्यस्त रहे पनि सामाजिक, सांगठनिक तथा नेपाली चाडपर्वमा एक हुने र नेपालको विषयमा चिन्ता र चासो गरिरहने समुदायको अमेरिकामा पनि बढोत्तरी भएको देख्दा नेपाल र नेपालीको पहिचान अन्तर्राष्ट्रियकरण भएको महसुस भयो। हिजो अमेरिका नेपालीका लागि कल्पना र सपनाको संसार थियो। तर, आज त्यो रहेन। न्युरोड र न्युयोर्क, डिल्लीबजार र डिसी उस्तै लाग्न थालेको छ। नेपालमा भएका राजनीतिक तथा जातीय संस्थाका भातृ संगठनहरू नेपालमा भन्दा बढी सक्रिय रहेछन्। आयआर्जन राम्रो भएकाले नेपाललाई रेमिट्यान्स पठाएर सहयोग गरिरहेका छन्। यो नेपाली जातिको मात्रै होइन, भाषा संस्कृति र पहिचानको पनि अन्तर्राष्ट्रियकरण हो।

न्युयोर्कदेखि नयाँदिल्ली

अप्रिल ४ मा एयर इन्डियाबाट मेरो उडान न्युयोर्कदेखि दिल्लीको थियो। जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा काम गर्ने एकजना काभ्रेतिरको लामा भाइलाई भेटें। ऊसँग संक्षिप्त कुराकानी भयो। अमेरिकाको विमानस्थलमा पनि नेपालीसँग भेट भएकोमा गौरवान्वित भएँ।

दिल्लीका लागि जहाज उड्यो। न्युयोर्कदेखि न्युदिल्ली करिब १८ घन्टामा आइपुगियो। दिल्लीबाट अर्को जहाजमा काठमाडौं आउनु थियो। तर, न्युयोर्कदेखि निर्धारित समयभन्दा आधा घन्टा ढिलो उडेको एयर इन्डियाको जहाजले मलाई काठमाडौं लैजाने जहाज भेट्न सकेन। अप्रिल ५ को १:३० बजेको सट्टा ६:३० बजे उड्नुपर्ने भयो। नयाँदिल्ली एयरपोर्टको प्रतीक्षालयमा कोरियालगायत देशमा रोजगारीका लागि हिँड्न लागेका नेपालीसँग भेटघाट र भलाकुसारी भयो। सबैको गुनासो थियो, नेपालमा कहिलेदेखि शान्तिसँग काम गर्न र मेरो देश हो भनेर गर्व गर्न पाइएला ? उनीहरूको प्रश्नले मलाई अवाक् बनायो।

दिल्ली-काठमाडौं

सन् २०१० मा न्युयोर्कबाट नेपाल फर्किंदा अबुधाबीबाट काठमाडौं आउने प्लेनमा एकजना नेपाली मूलकी सिक्किमकी राई एयर होस्टेस थिइन्। रमाइलै लागेको थियो। अर्को रमाइलो, एकजना विदेशी महिला यात्रुले छेउमा आएर अभिवादन गर्दा मलाई आश्चर्य लागेको थियो। मलाई कसरी चिन्यौ भन्दा उनको उत्तर थियो, 'म न्युयोर्कदेखि अबुधाबीसम्म तिमी सवार जहाजमा एयर होस्टेस थिएँ। तिमीले लगाएको टोपीलाई मैले मार्क गरिरहेकी थिएँ। बैंककदेखि म यात्रु भएर नेपाल घुम्न हिँडेको। तपाईंलाई हिजै देखेकाले बोल्न आएकी।'

यसपालि पनि दिल्लीदेखि काठमाडौं आउँदा नेपाली मूलका दुई महिला परिचारिका देखें र बोलाएँ। उनीहरू एकजना नागाल्यान्डकी आदिवासी र एकजना सिक्किमकी नेपाली मूलकी रसाइली थरकी बहिनी थिइन्। मे ५ को ८:३० मा म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ओर्लेर नेपालको माटो टेकें।

स्वदेशमा भन्दा विदेशमा राष्ट्र र राष्ट्रियताको महत्त्व बढी हुँदोरहेछ। दुबई एयरपोर्टमा भेटिएका बालुवाटारकी गुरुङ, चितवनका बाहुन भाइ, ओखलढुंगाकी कार्की, ताप्लेजुङकी शेर्पा र बनेपाकी राउत भाइबहिनीहरूले कसरी मलाई माया, सम्मान र सहयोग गर्न पुगे ? उनीहरूले मलाई कसरी चिने ? यी सबैको कारण मेरो शिरको टोपी र उनीहरूको घर नेपाल भएकाले हो। मेरो शिरमा टोपी हुन्थेन भने उनीहरूले मलाई चिन्दैनथे।

टोपीले नेपाली भनेर मात्रै चिनाएन राष्ट्रियतालाई पनि चिनायो र आत्मीय बनायो।

सन् २००० तिर पारिवारिक भ्रमणमा हङकङ गएको थिएँ। हङकङको प्रसिद्ध रमणीय स्थल ओसन पार्कमा डुलिरहँदा एउटा विदेशीले मैले लगाएको टोपी देखाउँदै सोध्यो, 'यो के हो ?' मैले टोपी हो भनें। उसले टोपीका बारेमा बुझ्ने मनसायले कुनै धार्मिक या सांस्कृतिक प्रतीक हो कि भनी पुनः प्रश्न गऱ्यो। उत्तरमा मैले टोपी कुनै धार्मिक चिह्न नभएर राष्ट्रियताको प्रतीक हो भनें। अचम्म मान्दै तिम्रो देशमा त विश्वकै अग्लो सगरमाथा पनि छ हैन ? भनेर सोध्यो। मैले हो, विश्वको अग्लो सगरमाथा मेरो गौरव र टोपी राष्ट्रियता हो भनें। मेरो उत्तरपछि उसले संसारकै अग्लो हिमालजस्तै शीरमा अग्लो टोपी रहेछ भनेथ्यो। उसको भनाइले मेरो आत्मा गौरवले फुलेको थियो।

टोपी लगाउने बानी कहिलेदेखि भयो थाहा छैन। सानैदेखि बाआमाले टोपी लगाइदिएको बानीलाई जुल्फी पाल्ने फेसनको समयबाहेक निरन्तरता दिएको छु। बानी लाग्यो। टोपी नलगाउँदा साथीहरू आश्चर्य मान्छन्। मेरो परिचय र पहिचान नै टोपी भएकाले लगाइरहने सुझाब दिन्छन्।

पहिले, टोपी लगाउनेलाई गाउँले, अनपढ र गँवार भन्थे। अहिले यही टोपीले राष्ट्रियताको प्रतीक बनेर अनपढ भन्नेहरूलाई गतिलो झापड दिएझैं लाग्छ।

(लेखक थापामगर आदिवासी जनजाति आयोगका अध्यक्ष हुन्।)

गुमनाम कस्ट्युम डिजाइनर

'दाङमा पुगेर पूर्वमाओवादी भेटें, उनले रुँदै बाक्सबाट ड्रेस निकालेर दिए। यो मैले भोगेको जीवन हो, फिर्ता गर्नू पनि भनेका थिए। यस्तै कपडा बनाएपछि मैले उनको ड्रेस फिर्ता गरेको थिएँ।'



पवन बराइली
pawanbaraili4@gmail.com

सिनेमा

०६७ सालतिरको कुरा हो। 'छड्के' फिल्म निर्माणको तयारी चलिरहेको थियो। यतिवेला सुजन परियार भर्खरै प्लस टु सकेर बसेका थिए। निर्देशक निगम श्रेष्ठले 'छड्के'मा कस्ट्युम डिजाइनका लागि सुजनलाई छाने।

'प्लस टु सकेपछि 'सिए' पढ्ने योजना थियो। फुर्सदको समय म कस्ट्युम डिजाइन सिकिरहेको थिएँ। फिल्ममा छानिएर यात्रा नै मोडिन लेखेको रहेछ,' उनले सम्झिए। 'छड्के'मा परिवेश र पात्रले लगाउने पहिरनका लागि रिसर्च गर्नुपर्ने थियो। यसका लागि उनी चितवनमा दुई हप्ता बसे। फिल्मका हरेक पात्रका लागि हुलिया तयार गर्न रिसर्च गरे। 'छड्के'मा बिन्दु माझी (विपिन कार्की) को हाउभाउसँग मिल्ने हुलिया उनले नै तयार पारेका हुन्। उक्त पात्रको बोल्ने शैली मात्रै होइन, हुलिया पनि दर्शकमाझ प्रिय भइदियो, किनकि त्यो नेचुरल थियो।

'छड्के' उनको पहिलो अनुभव थियो। 'मैले त्यसअघि फिल्मको डिजाइन गर्न पाएको थिइनँ। आफैंमा च्यालेन्जिङ थियो, छड्केको क्यानभास निकै ठूलो छ, त्यसमाथि डिजाइन गर्न आफैंमा चुनौती थियो। कतिपय कपडा डिजाइन पनि गरिन्छ, कतिपय स्टाइलिङ मात्रै पनि गरिन्छ। कतिपय आफैं डिजाइन गरेँ, उनले भने, 'सर्वसाधारण मान्छेले लगाएको कपडा मागेर मिलाएका थियौं। त्यसवेला मैले काम गर्ने अवसर पाएँ। यसले मलाई कस्ट्युम डिजाइनर बन्ने प्रेरणा मिल्यो।'

यसपछि उनी फेसन डिजाइन पढ्न भर्ना भए, नमुना कलेज अफ फेसन टेक्नोलोजीमा। तीन वर्षमा कोर्स पूरा गरे। र, फेरि फिल्ममा काम गरे। सन् २०१५ होस्टेल रिटर्न फिल्मको कस्ट्युम डिजाइन गरे। फिल्म हिट भयो। फिल्मभित्रको हुलियाले पनि चर्चा पायो। सुजनलाई फिल्मको कस्ट्युम डिजाइनप्रति मोह बढ्दै थियो।

छोरा भविष्यमा फिल्मतिर काम गर्लाजस्तो देखेर बुबाआमा चिन्तित थिए। फिल्ममा काम गर्नुभन्दा बरु विदेशतिर जान सल्लाह दिन्थे। 'विदेशतिर गयो भने राम्रो पैसा कमाउला भन्ने बुबाको सोचाइ थियो', सुजन थप्छन्, 'फिल्ममा काम गर्दा पैसा हुँदैन भन्ने चिन्ताले बुबा-आमालाई सताएको थियो। तर, जिन्दगी गुजार्ने पैसा फिल्ममा 'कस्ट्युम डिजाइन'बाटै आउँछ भन्नेमा म ढुक्क थिएँ। फिल्म रिलिजपहिले नै पैसा पाइने, यसलाई पेसा बनाउन व्यावसायिक बनाएँ।'

यसरी गरिन्छ कस्ट्युम डिजाइन

सुजनलाई निर्देशकले फिल्मको स्क्रिप्ट दिन्छन्। पूरै स्क्रिप्ट पढिसक्छन्, अनि पात्रको कल्पना गर्छन्। त्यसपछि निर्देशकसँग बसेर आफ्नो आइडिया सुनाउँछन्। पहिरनको स्केच बनाउँछन्। 'निर्देशकसँग आफ्नो आइडियाबारे छलफल गर्छु, अनि मात्रै प्रोडक्सन डिजाइनरसँग बसेर कपडाका रङहरू निर्धारण गर्छु', उनी भन्छन्, 'कथाअनुसारको ड्रेसमा फिलिङ्स हुनुपर्छ। नयाँ ड्रेस बनाउन सजिलो छ। तर, पुरानो देखिने खालको बनाउन जटिल हुन्छ। कतिपय गाउँले पात्रअनुसार डिजाइन गर्नुपर्छ।'

फिल्मको कथा, पात्र र परिवेशअनुसार पहिरन निर्धारण गर्न उनी माहिर छन्। फिल्मको पात्र र परिवेश मिलाउन धेरैका घरमा पुगेका छन्। पाँच वर्षअघिको कुरा हो।



नयाँ कपडा झोलामा लिएर जान्छु। फिल्मको पात्रसँग मिल्ने कपडा कसैले लगाएको देख्यो भने लगाएको कपडा नै मागेर ल्याउने हो। यस्ता थुप्रै फिल्मका लागि पहिरनको जुगाड गरेको छु।

निर्माणाधीन 'होल टाइमर' फिल्मका लागि कस्ट्युम डिजाइन गर्न उनलाई निकै सकस भयो। हप्तौंसम्म पाटन ढोका कृष्ण मन्दिरआसपासमा गएर बस्थे। हरेक मान्छेले लगाएको कपडा, डिजाइन, रङ नियाल्थे। फिल्मको पात्रसँग मिल्दो-जुल्दो छ भने फोटोमा कैद गर्थे। यतिसम्म कि कपितय कपडा उनीहरूसँग मागेर ल्याउँथे। भन्छन्, 'नयाँ कपडा झोलामा लिएर जान्छौं, फिल्मको पात्रसँग मिल्ने कपडा लाग्यो भने लगाएको कपडा मागेर ल्याउने हो। यस्ता थुप्रै फिल्मका लागि पहिरनको जुगाड गरेको छु।'


होल टाइमर फिल्मकै लागि पात्र र परिवेश बुझ्न उनी दाङमा दुई हप्ता बसे। त्यसवेला माओवादीले लगाउँने कम्ब्याट, जुत्ता, रुमाल, झोला, हुलिया तयार गर्न प्रत्येक घर-घरमा पुगेको उनी सुनाउँछन्। 'दाङमा पुगेर पूर्व माओवादी भेटें, उनले रुँदै बाक्सबाट ड्रेस निकालेर दिए,' उनले सम्झिए, 'यो मैले भोगेको जीवन हो, फिर्ता गर्नु पनि भनेका थिए। यस्तै कपडा बनाएपछि मैले उनको ड्रेस फिर्ता गरेको थिएँ।'

सुजनले अलिहेसम्म 'नाका', 'राधा', 'गाँठो', 'हरि', 'आइएम ट्वान्टी वान'लगायत फिल्ममा काम गरिसकेका छन्। उनको बुझाइमा कस्ट्युम डिजाइनका लागि मज्जाले रिसर्च गर्नुपर्छ। पर्दामा अभिनेताले भोगेको समय देखाउन हदसम्म मिहिनेत गर्नुपर्छ। कथाअनुसार कपडाको रङको संयोजन पनि मिलाउनुपर्छ। उनी हरेक पल यसैका लागि सोचिरहन्छन्, घोत्लिन्छन्। बाटोमा हिँड्दा, क्याफेमा चिया पिउँदा, कसैसँग भेटघाट हुँदा उनी पात्रको कल्पना गर्छन्। पात्र र परिवेशअनुसार कलाकारले लगाउने कपडा र रंगबारे गहन अध्ययन गर्छन्। 'कुनै फिल्ममा एउटा अभिनेतालाई पर्दामा उतार्न लामो समय लाग्छ। त्यसअघि अभिनय गरेका अधिकांश फिल्म हेनुपर्छ, नयाँ पात्रलाई फरक बनाउनुपर्छ,' उनले भने, 'कस्ट्युम डिजाइनरको भूमिका पात्रहरूको पोसाक सिर्जना गर्नु हो। कलाकारलाई पर्दामा जीवन्त देखाउन उनीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। कस्ट्युम डिजाइनरले निर्देशक, ध्वनि डिजाइनर र अन्य रचनात्मक कुरामा उत्तिकै ध्यान दिनुपर्छ।'

विश्वका सात नेता

जसले ओहोदामा रहँदै गरे सम्बन्धविच्छेद

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनदेखि बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोन्सनसम्म ओहोदामा रहँदै सम्बन्धविच्छेद गर्ने विश्व नेताका सूचीमा



सम्बन्ध

अघिल्लो बुधबार क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो र उनकी श्रीमती सोफी ग्रिगोइर ट्रुडोले आफूहरू १८ वर्षे वैवाहिक जीवनबाट अलग भएको घोषणा गरेसँगै जस्टिन ट्रुडो पदमा रहँदै वैवाहिक सम्बन्ध तोड्ने विश्वका नेताहरूको सूचीमा थपिने पछिल्लो व्यक्ति बनेका छन् । ओहोदामा रहँदा नै सम्बन्धविच्छेद गर्ने विश्वका नेताहरूको सूची यस्तो छ :

जस्टिन ट्रुडो

क्यानडाको प्रसिद्ध राजनीतिज्ञ घराना ट्रुडो परिवारका जेठा छोरा जस्टिन ट्रुडोले सन् २०१५ मा पहिलोपटक प्रधानमन्त्री पदको शपथ लिएका थिए । त्यसयता उनी निरन्तर प्रधानमन्त्रीको पदमा छन् । साथै, सन् २०१३ देखि लिबरल पार्टीको नेता पनि उनी नै छन् । सोफी ट्रुडो भने पूर्वमोडेल तथा टिभी कार्यक्रम प्रस्तोता हुन् । उनीहरूले सन २००५ मा विवाह गरेका थिए । यो जोडीका तीन सन्तान छन् । पछिल्ला केही वर्षयता सोफीको प्रथम महिलाको भूमिका एकदमै न्यून देखिन्थ्यो । उनी प्रधानमन्त्रीको आधिकारिक भ्रमणहरूमा पनि विरलै देखिन्थिन् । अन्ततः उनीहरू वैवाहिक सम्बन्ध अन्त्य गरी अलग भएका छन् ।

बोरिस जोन्सन

लन्डनका पूर्वमेयरसमेत रहेका बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोन्सन आफ्नी पहिलो पत्नी एलेग्रा मोस्टिन-ओबेनसँग सन् १९८३ मा विवाह गरेका थिए । त्यो विवाह सन् १९९३ मा टुंगियो । सम्बन्धविच्छेद भएको १२ दिनपछि जोन्सनले मरिना ह्विलरसँग विवाह गरे । त्यसको पाँच हप्तापछि नै यो नवविवाहित जोडीको पहिलो सन्तान जन्मियो ।

स्पेक्टेर पत्रिकाको सम्पादक रहँदा जोन्सनको स्तम्भकार पेट्रोनेला ब्याटसँग सम्बन्ध थियो । सन् २००९ मा लन्डनको मेयर रहँदा उनी कला सल्लाहकार हेलेन म्याकिन्टायरसँगको सम्बन्धमा रहे । उनले हेलेनको एक बच्चालाई काख नै लिएका थिए । थेरेसा मेको कन्जरभेटिभ सरकारमा मन्त्री रहेको बखत सन् २०१८ को सेप्टेम्बरमा जोन्सन र ह्विलरले एउटा विज्ञप्ति जारी गरेर आफूहरू 'केही महिनाअघि नै' अलग भएको जानकारी दिएका थिए । यद्यपि, जोन्सनले कन्जरभेटिभ पार्टीको नेता र प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गरेपछि सन् २०२० मा मात्रै उनीहरूको सम्बन्ध टुंगियो । तर, उनी यसअघिदेखि नै आफ्नो अर्को पत्नी क्यारी साइमन्ड्ससँग बस्न थालिसकेका थिए । उनीबाट जोन्सनको तीन सन्तानमध्ये पहिलो सन्तान सन् २०२० को अप्रिलमा जन्मियो । उनीहरूले सन् २०२१ मा विवाह गरे । उनी लर्ड लिभरपुल (सन् १८२२) पछि प्रधानमन्त्रीको पदमा रहँदै विवाह गर्ने पहिलो बेलायती प्रधानमन्त्रीसमेत बने ।

निकोलस सार्कोजी

सन् २००७ देखि सन् २०१२ सम्म फ्रान्सका राष्ट्रपति रहेका सार्कोजीले पनि पदमा रहँदा नै सम्बन्धविच्छेद गरेका थिए । उनले पहिलो पत्नी मारिडोमिनिक कुलियोलीसँग सम्बन्धविच्छेद गरेको केही समयपछि दोस्रो पत्नी सेसेलिया सिगानर-अल्बेनिजसँग सन् १९९६ मा विवाह गरेका थिए । (सिगानर-अल्बेनिजले सार्कोजीका लागि पहिले नै आफ्नो पहिलो पतिलाई छोडिसकेकी थिइन् ।) सार्कोजीको ला फिगारोकी पत्रकार एनी फुल्दासँग अफेयरको हल्ला चल्न थालेपछि अल्बेनिजले सार्कोजीलाई सन् २००५ मा अर्को एक पुरुषका लागि छोडेको कुरा सार्वजनिक भयो । सार्कोजीले फ्रान्सको राष्ट्रपतिको कार्यकाल सुरु गरेको पाँच महिनापछि सन् २००७ मा यो जोडीले सम्बन्धविच्छेद गऱ्यो । त्यसको चार महिनापछि सार्कोजीले चर्चित गायिका एवं मोडेल कार्ला ब्रुनीसँग विवाह गरे ।

फ्रान्कोइस होलान्ड

फ्रान्सका अर्का राष्ट्रपति (सन् २०१२ देखि सन् २०१७)को वैवाहिक सम्बन्ध सहकर्मी एवं समाजवादी राजनीतिज्ञ सेगोलेन रोयलसँग २९ वर्ष चल्यो । यो दम्पतीबाट चार बच्चा पनि भए । तर, सन् २००७ को राष्ट्रपतीय निर्वाचनमा रोयल सार्कोजीसँग पराजित हुन पुगिन् । उनी पराजित भएको एक महिनापछि यो जोडीले वैवाहिक सम्बन्धलाई समाप्त गरेको घोषणा गऱ्यो ।

त्यसपछि होलान्डको सम्बन्ध पत्रकार भ्यालेरी ट्रियरवेइलरसँग गासियो । उनी राष्ट्रपति रहेको समय सन् २०१४ मा एक ट्याब्लोइड पत्रिकाले होलान्डको अभिनेत्री जुली गायेटसँग सम्बन्ध रहेको खुलासा गऱ्यो । त्यसपछि होलान्डले ट्रियरवेइलरसँग आफ्नो ब्रेकअप भइसकेको बताए । अर्को वर्ष होलान्ड र गायटबीच विवाह भयो ।

भ्लादिमिर पुटिन

रुसको गुप्तचर निकाय केजिबीका पूर्वअधिकारी तथा रुसका लामो समयदेखिका नेता भ्लादिमिर पुटिनको सन् १९८३-२०१४ सम्मको आधिकारिक वैवाहिक सम्बन्ध भाषाविद् ल्युडमिला श्रेब्नेभासँग रह्यो । तर, अफेयर उनले अरूसँग पनि चलाए । सन् २००८ मा मस्कोभस्काई कोरेस्पोन्डेन्टका एक पत्रकारले पुटिनले सम्बन्धविच्छेदका लागि निवेदन दिन र ओलम्पिकमा रिदमिक जिम्न्यास्टिककी स्वर्ण पदक विजेता २५ वर्षीया एलिना काबाएवासँग विवाह गर्ने योजना बनाएको अफवाहबारे समाचार लेखे । पुटिन त्यसबखत ५६ वर्षका थिए । राष्ट्रपति पुटिनले यो अफवाहको खण्डन गरे । त्यसपछि संघीय सुरक्षा सेवाका अधिकारीहरूले यो पत्रिकामा छापा मार्‍यो र लगत्तै बन्द नै गराइयो ।

उनीहरूको वैवाहिक जीवनमा समस्या आएको खबरहरूका बीच पुटिन र श्रेब्नेभाले सन २०१३ सम्म राष्ट्रपति र प्रथम महिलाको रूपमा काम गरिरहे । सोही वर्ष क्रेमलिन ब्यालेको मध्यान्तरको समयमा उनीहरूले आफूहरू अलग भएको घोषणा गरे । सम्बन्धविच्छेदको टुंगो अर्को वर्ष लाग्यो । त्यसवेलादेखि अपुष्ट अनुमान र आशंका मात्र बढ्ने काम भएको छ । यो क्रम काबाएवा 'आगामी मिसेस पुटिन' हुँदै भनेर सन् २०१३ को न्युजविकले लेखेपछि सुरु भएको हो । सन् २०१४ मा सोचीमा भएको ओलम्पिकमा रुसको तर्फबाट ओलम्पिक टर्च समाउने ६ जनामध्येकी एक थिइन् काबाएवा । उनले स्विट्जरल्यान्डको एक क्लिनिकमा पुटिनबाट दुई छोराहरूलाई जन्म दिएको अपुष्ट खबरले पनि सञ्चार माध्यममा राम्रै स्थान पाए । तर, यसको आधिकारिक विवरण भने अझै बाहिरिएको छैन । अस्वीकारोक्तीले सबैका लागि काम नगर्न सक्छ, तर शक्तिशालीहरूलाई भने यसले सहयोग गर्दोरहेछ ।

सान्ना मारिन

फिनल्यान्डको ४६औँ प्रधानमन्त्रीका रूपमा सन् २०१९ को डिसेम्बरदेखि जुन २०२३ सम्म पदमा रहिन् सान्ना मारिन । पदभार सम्हाल्नुभन्दा पुगनपुग दुई वर्ष अघि उनले आफ्नो लामो समयदेखिका प्रेमी मार्कस रायकोनेनको तर्फबाट एक छोरीलाई जन्म दिएकी थिइन् । महामारीकालकी प्रधानमन्त्री मारिनले रायकोनेनसँग सन २०२० को अगस्टमा प्रधानमन्त्रीको सरकारीनिवासमा विवाह गरेकी थिइन् । गत अप्रिलमा सम्पन्न निर्वाचनमा मारिन पराजित भइन् । त्यसको अर्को महिना काम चलाउ सरकारको प्रमुख रहँदै आफू र राइकोनेनले सम्बन्धविच्छेद गर्न लागेको सार्वजनिक गरिन् । उनले आगामी पार्टी महाधिवेशनमा सोसल डेमोक्रेटिक पार्टीको अध्यक्ष पदबाट पनि राजीनामा दिने बताइसकेकी छिन् ।

सिल्भियो बेर्लुस्कोनी

यी पूर्वमिडिया मुगलसँग इटालीको प्रधानमन्त्री (तीनपटक) को कार्यकालभन्दा बढी आधिकारिक विवाह बन्धनमा (चार) बाँधिएको इतिहास छ । बर्लुस्कोनीको पहिलो विवाह उनको राजनीतिक जीवन सुरुवात हुनुअघि नै सुरु भएर अन्त्य पनि भइसकेको थियो । उनले सन् १९९४ मा कार्ला डल ओग्लियोसँग पहिलो विवाह गरेका थिए । सन् १९९० मा उनले अभिनेत्री भेरोनिका लारियोसँग विवाह गरे । बेर्लुस्कोनीको यो विवाह प्रधानमन्त्रीको छोटो र पहिलो कार्यकाल (मे १९९४ देखि जनवरी १९९५) र सन् २००१ देखि २००६ सम्मको दोस्रो कार्यकालसम्म टिक्यो । सन् २००८ मा सुरु भएको आफ्नो तेस्रो कार्यकालको दौरान बर्लुस्कोनीलाई लारियोले 'जवान र पुष्ट स्तन भएका महिलाहरूसँग' लहसिने गरेको आरोप लगाउँदै एक सार्वजनिक पत्र नै लेखिन् । सन् २००९ मा उनले सम्बन्धविच्छेदका लागि निवेदन दिइन् ।

त्यसपछिको १० वर्ष बर्लुस्कोनीले आफूभन्दा धेरै कलिलो उमेरकी पछिल्ली प्रेमिका फ्रान्सेस्का पास्केलसँग बिताए । यही समय उनी करछलीमा दोषी पनि ठहरिए । उनीहरू सन् २०२० मा अलग भए । पस्केलले पछि महिला गायिका पाओला टुर्सीसँग विवाह गरिन् । यसैबीच बर्लुस्कोनीले दक्षिणपन्थी राजनीतिज्ञ मार्टा फासिनासँग डेटिङ गर्न थालेका थिए । गत जुनमा मृत्यु हुनुअघिसम्म बर्लुस्कोनी फासिनासँगै थिए ।

(एजेन्सीको सहयोगमा सुभाष शर्मा)

फिनल्यान्डको ४६औँ प्रधानमन्त्रीका रूपमा सन् २०१९ को डिसेम्बरदेखि जुन २०२३ सम्म पदमा रहिन् सान्ना मारिन । गत अप्रिलमा सम्पन्न निर्वाचनमा मारिन पराजित भइन् । त्यसको अर्को महिना काम चलाउ सरकारको प्रमुख रहँदै आफू र राइकोनेनले सम्बन्धविच्छेद गर्न लागेको सार्वजनिक गरिन् ।

दुलही



संगम सुधा
sangamthapa0399@gmail.com

कविता

ए बहादुर !
जब पस्छस् नि बिहेको पहिलो रात
ढोका थुनेर कोठाभित्र
दुलहीको अगाडिको घुम्टोले
मात्र लाज छोपेको छ नसम्झनु

दुलहीको अनुहारअगाडि झरेको
रातो लुगा मास्क होइन, मुखौटो होइन
बहादुर !
त्यो डरलाग्दो मायावीजाल हो
उसको अनुहारअगाडि फ्याँकिएको

थाहा छ त्यो घुम्टोले
स्वतन्त्रता लुटेको छ
बाबु-आमाको काख खोसेको छ
त्यसले उसको डाक्टर हुने सपना मारेको छ

घुम्टोको मसिना छिद्रा पारी
तिरिमिरी देखिने तेरो अनुहारलाई
तेरी प्रियले
बाबुको अनुहारसँग
तुलना गर्दै छिन् पक्कै पनि
जा गएर दे !
न्यानो झ्याप्प एक अंकमाल
उसलाई बाल्यावस्थाको पुरानो कम्बलले
छोप्नेछ फेरि एकफेर ग्वाम्मै

सायद तैँले यो वेला दिब्री निभाइस् होला
सोचेको छस् ?
अन्धकारमा दुलहीको आँखाबाट खसेको मोतीले
कुवा बनाइसकेको छ
तैँले नियम लागू गर्न लागेको ओछ्यानमा
दुलहीले त त्यही दिन नियम तोडेको हो
जुन दिन बुबासामु उसको बाक्के बसेको थियो
नपढ् अब, भो अर्को घर जा भन्दा हुन्छ भन्दै
हार स्विकारेको आँखाबाट आँसु खसेको थियो
जब कि त्यो वेला ऊ आजाद थियो

अब के एक दर्जन चुराको जन्जिरबाट
ऊ आजाद होला त ?





अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २ भदौ ०८०

आव ०७९/८० को अर्थतन्त्र

बाह्य क्षेत्रको खराब सुरुवात, सुखद समापन

मूल्यवृद्धि नियन्त्रणबाहिर, तरलता अभावका कारण आन्तरिक अर्थतन्त्र भने समस्यामै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

आर्थिक वर्ष ०७९/८० सुरु हुँदा नेपाली अर्थतन्त्र निकै अप्ठ्यारो परिस्थितिमा थियो । विशेष गरी अर्थतन्त्रको बाह्य क्षेत्र निकै दबाबमा थियो । विदेशी मुद्राको घट्दो सञ्चितिले सर्वसाधारण, सरोकारवाला र सरकारकै ध्यानकेन्द्रित गरेको थियो । तर, आवको अन्त्यमा यो समस्या समाधान भएको छ ।

असार ०७९ मा विदेशी मुद्रा सञ्चिति १८.९ प्रतिशतले घटेर आठ अर्ब ५४ करोड अमेरिकी डलरमा झरेको थियो । शोधनान्तर स्थिति पनि दुई खर्ब ५५ अर्ब २६ करोड रुपैयाँले घाटामा थियो । व्यापार घाटा २३ प्रतिशतले बढेर १७ खर्ब २० अर्ब ४२ करोड रुपैयाँ पुगेको थियो । तर, गत आवको अन्तिम अर्थात् असार मसान्तसम्म आउँदा भने अर्थतन्त्रको बाह्य क्षेत्र निकै सहज अवस्थामा आएको देखिएको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको गत आवको आर्थिक तथा वित्तीय स्थिति विषयक प्रतिवेदनले अर्थतन्त्रको बाह्य क्षेत्र भने बलियो बनेको देखाएको छ ।

असार ०८० सम्म आउँदा विदेशी मुद्रा सञ्चिति २३.१ प्रतिशतले बढेर ११ अर्ब ७४ करोड डलर पुगेको छ, जुन हालसम्मकै दोस्रो ठूलो भण्डारण हो । यसअघि असार ०७८ मा विदेशी मुद्रा सञ्चिति ११ अर्ब ७५ करोड डलरसम्म पुगेको थियो । त्यसको दुई वर्षपछि सोही हाराहारीमा विदेशी मुद्रा सञ्चिति पुगेको छ । नेपाली मुद्रामा त्यो १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । नेपाली रुपैयाँमा भने यो हालसम्मकै उच्च सञ्चिति हो । अहिले विनिमय दर बढी हुँदा नेपाली रुपैयाँमा यो धेरै देखिएको हो । यसले १० महिनाको वस्तु तथा आयात धान्न पुग्ने बताइएको छ ।

यस्तै, अघिल्लो आवमा घाटामा रहेको शोधनान्तर स्थिति गत आवमा झन्डै तीन खर्ब रुपैयाँले नाफामा गएको छ । तथ्यांकअनुसार गत आवमा शोधनान्तर स्थिति दुई खर्ब ९० अर्ब ५२ करोड रुपैयाँले बचतमा छ । शोधनान्तर स्थिति गत असोजदेखि नाफामा छ ।

यसैगरी, व्यापार घाटा १५.५ प्रतिशतले घटेर १४ खर्ब ५४ अर्ब ५९ करोड रुपैयाँमा कायम भएको छ । योसँगै बाह्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने रेमिट्यान्स, भ्रमण आयलगायतका सूचकमा पनि उल्लेख्य सुधार देखिएको छ, जसले गर्दा बाह्य क्षेत्र सहज अवस्थामा आएको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले बताए । रेमिट्यान्समा गरिएको प्रोत्साहन, आयातमा गरिएको कडाइलगायतका कारण बाह्य क्षेत्रमा सुधार आएको उनको भनाइ छ ।





डा. प्रकाशकुमार श्रेष्ठ
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

तर, गत आवमा आन्तरिक अर्थतन्त्रमा शिथिलता देखिएको छ । साथै, मूल्यवृद्धि पनि नियन्त्रणभन्दा बाहिर गएको प्रतिवेदनले देखाएको छ ।

१२ खर्बभन्दा बढी रेमिट्यान्स

समीक्षा अवधिमा रेमिट्यान्स आप्रवाह १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ पुगेको छ । यो अघिल्लो आवको तुलनामा २१.२ प्रतिशतले बढी हो । अघिल्लो आव ०७८/७९ मा नेपालमा १० खर्ब सात अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स आएको छ । विदेशी नेपाली कामदारको संख्या बढेपछि रेमिट्यान्स आप्रवाह बढेको हो ।

पर्यटन आम्दानी ६१.५२ अर्ब

समीक्षा अवधिमा नेपाल घुम्न आउने विदेशी पर्यटकमार्फत हुने आम्दानी ८९.६ प्रतिशतले बढेर ६१ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो आवमा त्यो ३२ अर्ब ४५ करोड रुपैयाँ मात्रै थियो । समीक्षा अवधिमा नेपालीले विदेश घुम्न जाँदा ४४ अर्ब चार करोड रुपैयाँ खर्च गरेका छन् । पर्यटन व्यवसायमा १७ अर्ब ४८ करोड नाफा भएको देखिन्छ ।

विदेश पढ्नेले लगे एक खर्ब

समीक्षा अवधिमा विदेश पढ्न जाने नेपाली विद्यार्थीले लैजाने रकम ह्वात्तै बढेको छ । आव ०७८/७९ मा विदेश पढ्न जाने विद्यार्थीले ६७ अर्ब ७० करोड रुपैयाँ लगेका थिए । गत आवमा त्यो बढेर एक खर्ब ४२ करोड रुपैयाँ पुगेको छ । समग्रमा गत आवमा खुद सेवा आय ८३ अर्ब ८५ करोडले घाटामा छ । अघिल्लो आवमा भने त्यो एक खर्ब आठ अर्ब १२ करोडले घाटामा थियो ।

महँगी नियन्त्रणबाहिर

गत आवमा महँगी भने सीमाभन्दा बाहिर गएको देखिएको छ । गत आवमा सरकारले मूल्यवृद्धि ७ प्रतिशतभित्र सीमित राख्ने भनेको थियो । गत आवको औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत पुगेको छ, जुन लक्षित सीमाभन्दा ०.७४ प्रतिशत विन्दु बढी हो । अघिल्लो आव ०७८/७९ मा यस्तो मुद्रास्फीति ६.३२ प्रतिशत थियो ।

आन्तरिक अर्थतन्त्र भने शिथिल

गत आवमा बाह्य क्षेत्रमा सुधार आइराख्दा आन्तरिक अर्थतन्त्र भने शिथिलतामा प्रवेश गरेको छ । आव ०७८/७९ मा आन्तरिक अर्थतन्त्र चलायमान थियो । तर, गत आवमा आन्तरिक अर्थतन्त्र तथा आर्थिक गतिविधि सुस्ताएको छ ।

गत आवको आर्थिक वृद्धिदर नै १.६८ प्रतिशतमा सीमित हुने अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ । त्यसले नै गत आवमा अर्थतन्त्र शिथिलतामा प्रवेश गरेको पुष्टि गरिसकेको छ । जबकि, त्यसअघि ०७८/७९ मा ५.३ प्रतिशतको आर्थिक वृद्धि थियो । यस्तै, समीक्षा वर्षमा सरकारको राजस्व परिचालन घटेको छ । आव ०७८/७९ मा १० खर्ब ६७ अर्ब रुपैयाँ रहेको राजस्व परिचालन गत आवमा नौ खर्ब ५७ अर्बमा सीमित भयो ।

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ८.७ प्रतिशतले बढेको छ । तर, उत्पादनशील क्षेत्र अर्थात् निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा ३.८ प्रतिशतले मात्रै बढेको छ । त्यसमाथि आम्दानीमा आएको कमी र महँगीले वस्तु तथा सेवाको माग घटाएको छ । उच्च बैंक ब्याजदरलगायतका कारण थप कर्जा ल्याएर व्यवसाय गर्न सक्ने अवस्था पनि भएन । बजारमा माग नहुँदा व्यवसाय विस्तार गर्ने अवस्था पनि थिएन । फलस्वरूप समीक्षा वर्षमा अधिकांश उद्योगले क्षमताअनुसार सञ्चालन गर्न सकेनन् ।

बाह्य क्षेत्रलाई सहज अवस्थामा ल्याउन उठाइएको कदमको 'साइड इफेक्ट'स्वरूप आन्तरिक अर्थतन्त्र दबाबमा गएको विश्लेषण पनि गरिन्छ । तर, त्यसको असर यति लामो समयसम्म नहुने राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले बताए । आर्थिक गतिविधि खुम्चिँदा बाह्य क्षेत्र सहज अवस्थामा पुगेको उनको विश्लेषण छ । 'बाह्य क्षेत्र सहज अवस्थामा आउनु स्वागतयोग्य छ । तर, गत आवमा सरकारको राजस्व परिचालन राम्रो भएन । त्यसले गर्दा बैंकको निक्षेप परिचालन प्रभावित भई निजी क्षेत्रमा जाने कर्जा प्रवाह सुस्तायो ।' उनले भने, 'त्यसले आर्थिक गतिविधिमा शिथिलता ल्यायो । त्यसमाथि मूल्यवृद्धि नियन्त्रणभन्दा बाहिर गयो ।'

आन्तरिक अर्थतन्त्रका केही सूचक

मुद्रास्फीति	७.७४% (लक्ष्यभन्दा ०.७४% बढी)
आर्थिक वृद्धिदर	१.८६% (अनुमानित)
बाह्य क्षेत्रका सूचक	
रेमिट्यान्स	१२२०.५६ अर्ब (२१.२%को वृद्धि)
वैदेशिक रोजगारी	७ लाख ७४ हजार ९७६
शोधनान्तर नाफा	२९०.५२ अर्ब
विदेशी मुद्रा	११.७४ अर्ब डलर (२३.१%को वृद्धि)
निर्यात	१५७.१४ अर्ब (-२१.४%)
आयात	१६११.७३ अर्ब (-१६.१%)
व्यापार घाटा	१४५४.५९ अर्ब (-१५.५%)
चालू खाता	-७२.१६ अर्ब
वैदेशिक लगानी	५.९६ अर्ब (-६७.८८%)
सेवा क्षेत्र	
सेवा खाता	-८३.८५ अर्ब
भ्रमण आय	६१.५२ अर्ब (८९.६%को वृद्धि)
भ्रमण व्यय	४४.०४ अर्ब
शिक्षा व्यय	१००.४२ अर्ब
सरकारी वित्त	
सरकारको राजस्व संकलन	९५७.१५ अर्ब
आन्तरिक ऋण परिचालन	२५६ अर्ब
सरकारको बाह्य ऋण परिचालन	१०२.१२ अर्ब
सरकारको खर्च	१४२९.५६ अर्ब
वित्तीय क्षेत्र	
निक्षेप वृद्धिदर	१२.३%
आन्तरिक कर्जा वृद्धिदर	८.७%
निजी क्षेत्रमा कर्जा वृद्धिदर	३.८%

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पशुपति विकास कोषका सदस्यसचिव थापासँग स्पष्टीकरण माग

काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव मिलनकुमार थापालाई आठबुँदे स्पष्टीकरण सोधेको छ । पर्यटनमन्त्री सुदन किराँतीले मन्त्रीस्तरको निर्णय गर्दै सात दिनभित्र आठ बुँदामा स्पष्ट पार्न कोषका सदस्यसचिवलाई पत्राचार गरेका हुन् ।

मन्त्री किराँतीले कोषबाट आफ्नो क्षेत्रभित्रका पसल, भवन, पार्क, धर्मशाला सञ्चालनका लागि भएका सम्झौताका प्रमाणित प्रतिलिपिहरू पेस गर्न निर्देशन दिएका छन् । सम्झौताअनुरूप कोषलाई तिर्नु-बुझाउनुपर्ने तोकिएको रकममध्ये हालसम्म असुल भएको रकम र बक्यौता रकम कति छ ? सम्झौताबमोजिम असुलउपर हुनुपर्ने पूरै रकम असुल नभएर बक्यौता रहको भए बक्यौताको विवरणसमेत पेस गर्न भनिएको छ । कोषमातहतमा रहेका तिलगंगा, भण्डारखाल र उमाकुण्ड पार्किङको सञ्चालनका विषयमा पनि स्पष्टीकरण सोधिएको छ ।

विमान चार्टर गरेर एकैपटक आए सात सय बंगलादेशी पर्यटक



काठमाडौं/ बंगलादेशको व्यावसायिक समूह एकेआइजे ग्रुपले आफ्ना सात सयजना कर्मचारीलाई एकसाथ नेपाल भ्रमणमा पठाएको छ । जसमध्ये शुक्रबार बिहान पहिलो चरणमा दुई सयजना नेपाल आइसकेका छन् ।

नेपाल पर्यटन बोर्ड र नेपाली पर्यटन व्यवसायीले विमान चार्टर गरेर आइपुगेका बंगलादेशी पर्यटकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पञ्चेबाजासहित स्वागत गरेका थिए । शुक्रबार र शनिबार गरी सबै सात सय बंगलादेशी पर्यटक नेपाल आइपुग्ने पर्यटन बोर्डले जनाएको छ । एकेआइजे ग्रुपअन्तर्गतको प्लास्टिक डिभिजनले एकैसाथ ठूलो संख्यामा कर्मचारी भ्रमणमा पठाएको हो ।

'डिलर एन्ड सेल्स कन्फ्रेन्स'का नाममा ठूलो संख्यामा कर्मचारी नेपाल पठाउने बंगलादेशी व्यावसायिक ग्रुप एकेआइजेअन्तर्गत करिब दुई लाख कर्मचारी कार्यरत छन् । सम्भवतः नेपालमा पहिलोपटक एकसाथ यति धेरै बंगलादेशी नागरिक भ्रमणका आएका हुन् । यो टोलीले ऐतिहासिक सम्पदाहरू स्वयम्भू, पाटन दरबार, भक्तपुर, धुलिखेल, नगरकोट, चन्द्रागिरिलगायत काठमाडौं उपत्यकाभित्र र आसपासका ठाउँहरू भ्रमण गर्ने पर्यटन बोर्डले जनाएको छ । पछिल्लो समय नेपालमा बंगलादेशी पर्यटकको आगमन बढ्दै गइरहेको छ ।

■ नेपाल विद्युत् प्राधिकरणको ३८औँ वार्षिकोत्सव

आइपिओ जारी गरेर ठूला आयोजनामा लगानी गरिने

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीनसँग पनि ऊर्जासम्बन्धी दूरगामी र महत्त्वपूर्ण सम्झौता हुने बताएका छन् । १७ देखि २० जेठसम्म भारतको भ्रमण गरेका प्रधानमन्त्री प्रचण्ड भदौ अन्तिम साता (सेप्टेम्बर तेस्रो साता) उत्तरको छिमेकी मुलुक चीन भ्रमणमा जाने तयारीमा छन् । शुक्रबार काठमाडौंमा सम्पन्न नेपाल विद्युत् प्राधिकरणको ३८औँ वार्षिकोत्सवलाई सम्बोधन गर्दै सोहीक्रममा नेपाल-चीनबीच ऊर्जा सम्बन्धमा महत्त्वपूर्ण र दूरगामी समझदारी हुने उनले बताएका हुन् ।

नेपाल-चीनबीच चार सय केभीको रातामाटे-रसुवागढी-केरुङ अन्तरदेशीय प्रसारण लाइन बनाउने गरी अध्ययन भइसकेको छ । त्यसमा नेपाल खण्डको सम्भाव्यता अध्ययन ०७८ फागुनमै सम्पन्न भइसकेको छ । उक्त अध्ययनले नेपाल-चीन अन्तरदेशीय प्रसारण लाइन बनाउन सम्भव देखाएको छ । हाल उक्त प्रसारण लाइनको वातावरणीय अध्ययन गर्ने कार्य भइरहेको र त्यसलाई निर्माणको तहमा प्रवेश गराउने योजनाका साथ अघि बढेको प्रधानमन्त्रीको भनाइ थियो ।

यस्तै, नेपाल र भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झदारीलाई दक्षिण एसियामै उल्लेखनीय पहलकदमीका रूपमा हेरिएको उनको भनाइ छ । अहिले उक्त समझदारीलाई मूर्तरूप दिन सम्बन्धित निकायहरू भारतीय पक्षसँग पनि लगातार सम्पर्क र समन्वयमा रहको उनले बताए । यसै वर्षायामभित्र नेपाल-बंगलादेश विद्युत् व्यापार सुरु हुने गरी नेपाल, भारत र बंगलादेशका सम्बन्धित निकायहरूबीच हुने सम्झौतामा हस्ताक्षरको अन्तिम तयारी भइरहेको पनि उनले बताए ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आव ०७९/८० उपलब्धिमूलक रहेको बताए । भारतको हरियाणा राज्यलाई विद्युत् आपूर्ति गर्ने गरी भारतीय विद्युत् व्यापार कम्पनी एनभिभिएनसँग पाँच वर्षका लागि दुई सय मेगावाटको मध्यकालीन विद्युत् बिक्री सम्झौता हुनु र भारतको बिहार राज्यको प्रसारण पूर्वाधार प्रयोग गरी तीन सय मेगावाटसम्म विद्युत् निर्यातका लागि पिटिसी, इन्डियासँग सम्झौता हुनु महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ थियो ।

प्राधिकरणले सर्वसाधारणलाई समेत सेयर जारी गर्ने गरी तेस्रो चरणको वित्तीय पुनर्संरचना प्रस्ताव स्वीकृतिका लागि सरकारमा पेस गरेको पनि उनले बताए । प्रिमियम मूल्यमा उक्त सेयर जारी गरिने उनको भनाइ थियो । प्राधिकरणको प्राथमिक सेयर सर्वसाधारणलाई निष्कासन गरी संकलन भएको रकम मुख्य रूपमा ठूला जलविद्युत् आयोजनाको निर्माणमा लगानी गरिने उनले बताए ।

आव ०७२/७३ सम्म आइपुग्दा वार्षिक घाटा आठ अर्ब ९० करोड रुपैयाँ र सञ्चित नोक्सानी बढेर ३४ अर्ब ६१ करोड रुपैयाँ पुगेको थियो । तर, पछिल्ला केही वर्ष प्राधिकरण भने नाफामा छ । गत आवमा प्रशासन तथा वितरण चुहावट १३.४६ प्रतिशतमा सीमित गरेर प्राधिकरणको इतिहासमा नयाँ रेकर्ड कायम गर्न सफल भएको उनको भनाइ छ

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले ऊर्जा विकासमा निजी क्षेत्रको महत्त्वपूर्ण योगदान भएको बताए । यसलाई सरकारले विशेष मूल्यांकन गर्नुपर्ने बताउँदै ऊर्जा विकासमा निजी क्षेत्र र सरकारले हातेमालो गर्नुपर्ने उनको भनाइ थियो ।

दोरम्बा शैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

सेवा करारमा सूचना प्रविधि अधिकृतको पदपूर्ती गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०१

प्रस्तुत विषयमा यस दोरम्बा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०४/३२ गतेको निर्णय अनुसार देहाय बमोजिम सेवा करारमा सूचना प्रविधि अधिकृत नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम शर्तको अधीनमा रही योग्यता पुगेको नेपाली नागरिकहरुले रितपूर्वक दोरम्बा शैलुङ गाउँपालिकाको कार्यालयमा १५ दिन भित्र दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

क्र. सं.	विज्ञापन नं.	पद	श्रेणी/तह	माग संख्या	न्यूनतम शैक्षिक योग्यता	दरखास्त दस्तुर
१	०१/२०८०/८१	सूचना प्रविधि अधिकृत (IT officer)	अधिकृतस्तर छैटौं	१ (एक)	लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक(BIT, BIM, BBIS, BCA, BCIS, Bsc.CSIT, Bsc. IT)को उपाधि हासिल गरेको ।	रु.१०००

१. **सेवाको किसिम :** अस्थायी सेवा करार
२. **दरखास्तका साथ संलग्न साथ हुनुपर्ने कागजातहरु:**
क) शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
ग) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. **उमेरको हद :** २१ वर्ष पुरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको
४. **तलब तथा करार अवधि :** गाउँपालिका सँग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम ।
५. **परीक्षा दस्तुर बुझाउने प्रकृया :** यस गाउँपालिकाको राजश्व खाता ग १.१ २६१०४०१०००००८ आन्तरिक राजश्व खातामा जम्मा गरेको बैंक भौचर
६. **दरखास्त फाराम बुझाउने स्थान :** दोरम्बा शैलुङ गाउँपालिकाको कार्यालय प्रशासन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना ito.dorambamun@gmail.com मार्फत समेत आवश्यक कागजातहरु pdf बनाई मर्ज गरी आवेदन साथ ईमेल गर्न सकिनेछ ।
७. **परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।
८. **परीक्षा सम्बन्धित जानकारी :** पछि प्रकाशन गरिनेछ ।
९. **आवेदन दिने अन्तिम म्याद :** २०८०/५/१५ गते सम्म
१०. **थप जानकारीको लागि :** ९८५४०६६६००
११. आवेदन स्वीकृत अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।
१२. पाठयक्रम लोकसेवा आयोगको कम्प्युटर अधिकृत पदको हुनेछ ।

नोट : दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

शनिबार २ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

महिला विश्वकपका चर्चित १० घटना



> पुरुषको तुलनामा महिलाहरूबीचको खेल खासै प्रतिस्पर्धात्मक नहुने जनाउँदै सन् १९९१ को पहिलो फिफा महिला विश्वकप फुटबलमा विज्ञापनदाता आकर्षित भएनन्

● श्रीलोचन राजोपाध्याय

नवौं फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको समापन नजिकिँदै छ। प्रतियोगिताको शनिबार स्विडेन र अस्ट्रेलियाबीच तेस्रो स्थानको खेल हुँदै छ। पहिलोपटक फाइनल स्थान पक्का गरेका इंग्ल्यान्ड र स्पेन आइतबार उपाधि भिड्न्तमा आमनेसामने हुनेछन्। अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गरेको विश्वकपले नयाँ विजेता पाउनेछ। यसपटकको विश्वकपमा ३२ टोली सहभागी रहे। सन् १९९१ मा सुरु भएको विश्वकपमा अमेरिका सर्वाधिक चारपटकको विजेता हो। जापान र नर्वेले एक-एकपटक उपाधि जिते।

पुरुष फुटबलमा राज गरेका राष्ट्रहरू यसपटक पहिलो चरणभन्दा माथि उठन सकेनन्। ब्राजिल, अर्जेन्टिना, इटाली र पोर्चुगल समूह चरणबाट घर फर्किए। सनसनीपूर्ण नतिजा निस्किएको विश्वकपमा स्विडेनले लगातार दुई खेलमा साबिक विजेता अमेरिका र पूर्वविजेता जापानमाथि जित निकाल्यो। तर, स्विडेन सेमिफाइनलमै रोकियो। विश्व फुटबलको सर्वोच्च निकाय फिफाले अहिलेसम्मका विश्वकपका महत्त्वपूर्ण घटनालाई यसरी विश्लेषण गरेको छ।

१ ब्रान्डी क्रिस्टियनको ब्रा सो (१९९९)

सन् १९९९ को विश्वकप फाइनल चीन र अमेरिकाबीच भएको थियो। महिला टोलीमा चीनलाई प्रमुख उपाधि दाबेदार मानिएको थियो। तर, अमेरिकाले चीनलाई निर्धारित र अतिरिक्त समयमा गोलरहित बराबरीमा रोक्न सफल भयो। यस संस्करणको विश्व च्याम्पियन टोलीको छिनोफानो टाइब्रेकरबाट भएको थियो। ९० हजार दर्शकअगाडि अमेरिकी खेलाडी क्रिस्टियनले निर्णायक गोल गरिन्। यस गोलसँगै उनी यति खुसी भइन् कि उनले आफ्नो खुसी मैदानमा रोक्न सकिनन्। यति मात्र कहाँ हो र! च्याम्पियनसिप गोल गरेलगत्तै उनले जर्सी फुकालिन्। जर्सी फुकालेर 'रेलिब्रेसन' गर्ने क्रममा उनले आफ्नो भित्री वस्त्र देखाइन्। महिला फुटबल इतिहासमा उनको यस रेलिब्रेसनलाई चर्चित 'ब्रा सो' भन्ने गरिन्छ। घरमै आयोजना भएको विश्वकपमा आफ्नै निर्णायक गोलमा पहिलोपटक विश्व च्याम्पियन हुँदा आफूलाई रोक्न नसकेको उनले प्रक्रिया दिएकी थिइन्। 'त्यसवेला म आफूलाई सम्हालिन सकिनँ, एकैपटक जर्सी फुकालेँ,' फाइनलपछि उनले भनेकी थिइन्, 'पछि भिडियोमा रिप्ले हुँदा हजारौं दर्शकअगाडि मैले भित्री वस्त्र देखाएको क्षण देख्दा लाज लाग्यो।'



२ सुनामी र भूकम्प बिर्सिएको जापान (२०११)

सन् २०११ मा जापानले इतिहासमै पहिलोपटक विनाशकारी सुनामी र भूकम्पको सामना गरेको थियो। आधिकारिक रूपमा २० हजार व्यक्तिले ज्यान गुमाए। यद्यपि, त्यो सुनामी र भूकम्पमा आधिकारिक रूपमा कतिले ज्यान गुमाए भन्ने यकिन तथ्य अहिलेसम्म बाहिर आएको छैन। अहिलेसम्म पनि जापानिजहरूले यो घटना बिर्सन सकेका छैनन्। यसै वर्ष जापानले महिला विश्वकप उपाधि उचालेको थियो। जापानिज महिला खेलाडीले पीडामा रहेको देशलाई मलम लगाउने प्रयास गरेको जनाए। जापानिज खेलाडीले विश्वकपभरि नै नाडेसिको आर्मब्यान्ड लगाएका थिए। देशले जस्तो समस्या आए पनि फुटबल मैदानमा त्यो भावना नदेखाउने भाव प्रकट गरेका थिए। कमजोर सुरुवात गरेको जापानले विश्वकप उचाल्ने राष्ट्रसम्म आफूलाई प्रस्तुत गऱ्यो। जापानले फाइनलमा अमेरिकालाई हराएको थियो। प्रशिक्षक नारिओ सासाकीले खेलाडीलाई खेलअगाडि सधैं आध्यात्मिक ध्यान गराएका थिए। 'हामी खेलाडीका रूपमा विश्वकप खेलौं, सिंगो जापानलाई खुसी दिलाउने प्रयास गरौं,' गोलरक्षक कैहिरोले भनिन्।



३ एक रातो कार्डमा खेल नै परिवर्तन (२००७)

सन् २००७ को संस्करणमा अमेरिका उत्कृष्ट फर्ममा थियो। अमेरिकाले सेमिफाइनलमा ब्राजिलको सामना गरेको थियो। ब्राजिलसँग प्रतिस्पर्धा गर्नुअघि अमेरिकालाई कसैले पनि रोक्न नसक्ने अनुमान थियो। अमेरिकन प्रशिक्षक ग्रेज रायनले अन्तिम चारमै जोखिम उठाए। बेन्चमा रहेकी गोलरक्षक होप सोलोलाई जिम्मेवारी दिए। ब्राजिलविरुद्ध होपको रेकर्ड निकै राम्रो थियो। ब्राजिलियन खेलाडीमाथि मानसिक रूपमा दबाब राख्न नै प्रशिक्षकले गोलरक्षकमा परिवर्तन गरे। तर, उनको यो निर्णय यति घातक बन्यो कि सेमिफाइनलमा अमेरिकनले नसोचेको नतिजा व्यहोरे। ब्राजिलले एक पक्षीय सेमिफाइनल बनाउँदै ४-० ले खेल जित्यो। खेलको अन्तिम २० मिनेटमा अमेरिका १० खेलाडीमा सीमित भयो। प्रतिस्पर्धामा माटाले रातो कार्ड व्यहोरिन्। यो कार्डसँगै अमेरिका एकाएक कमजोर देखियो। पत्रकार सम्मेलनमा अमेरिकन खेलाडीले प्रशिक्षकको नराम्रोसँग विरोध जनाए। उनीहरूले नियमित खेलाडीलाई बेन्चमा राखी दोस्रो रोजाइका लागि पठाउँदा नतिजामाथि आस गर्न नमिल्ने बताए।



४ खराब रेफ्री र सनसनी बराबरी गोल (२०११)

सन् २०११ को विश्वकपमा अमेरिका र ब्राजिलबीच खेल दुई कारणले स्मरणीय मानिएको छ। पहिलो, अमेरिकाले खेल सकिन केही समयअगाडि सनसनी बराबरी गोल गऱ्यो। अर्को, रेफ्रीले प्रतियोगिताभरि खराब निर्णय गरे। क्वार्टरफाइनलमा लगभग अमेरिका हारनजिक पुगिसकेको थियो। ब्राजिलियन खेलाडी सेमिफाइनल पुग्न केही मिनेट बाँकी हँदा मनोवैज्ञानिक रूपमा खुसी देखिन्थे। खेलमा यस्तो मोड पनि आयो। अब्बे वाम्बाचले अमेरिकालाई बराबरी गोल दिलाइन्। रेफ्रीले अनावश्यक रूपमा अमेरिकन खेलाडी माटालाई रातो कार्ड दिए। माटाले करिअरमा सामना गरेको यो नै पहिलो रातो कार्ड थियो। प्रतिस्पर्धामा रेफ्रीले अमेरिकाको पक्षमा कुनै निर्णय गरेनन्। ब्राजिलका खेलाडीको गल्तीमा रेफ्रीले आँखा चिम्लेका थिए। मैदानमा आफ्नो हकमा केही नआउँदा अमेरिकन खेलाडी हताश देखिन्थे। तर, अब्बेको एक गोलमा ब्राजिल स्तब्ध भयो। यस खेललाई विश्वकपकै खराब रेफ्री भएको मानिन्छ।



५ विश्वकपको पहिलो ह्याट्रिक (२०१५)

महिला विश्वकपमा अमेरिका र जापान मात्र ब्याक टु ब्याक फाइनल खेलेका राष्ट्र हुन्। सन् २०११ को फाइनलमा अमेरिकामाथि जापान हाबी भएको थियो। चार वर्षपछि अमेरिकाले पछिल्लो फाइनलको बदला पूरा गऱ्यो। अमेरिकाले एकपक्षीय फाइनल बनाउँदै जापानलाई नराम्रोसँग हरायो। यस खेलमा जापानिज खेलाडीले अमेरिकाकी कार्ली लयोर्डसँग घुँडा टेके। विश्वकप इतिहासमा पहिलोपटक कार्लीले फाइनलमा ह्याट्रिक लगाइन्। प्रतियोगितामा कार्ली उत्कृष्ट फर्ममा थिइन्। उनले उपाधि भिडन्तसम्म यसलाई जारी मात्र राखिनन्, त्यस संस्करणकै उत्कृष्ट खेलाडीसमेत बनिन्। क्यानडामा भएको फाइनलमा कार्लीले खेलको तेस्रो मिनेटमै गोल गरेकी थिइन्। उनकै उत्कृष्ट प्रदर्शनमा अमेरिका ५-२ ले विजयी भयो। 'व्यक्तिगत रूपमा त्यो फाइनल अहिले याद छ,' उनले भनिन्, 'जापानको डिफेन्स यति कमजोर थियो, हामीले सहजै मैदानको मध्यभागबाट गोल गर्न सक्थ्यौं।'

६ राष्ट्रपति ट्रम्पविरुद्ध खेलाडी

सन् २०१९ मा अमेरिका पुनः एकपटक विश्वकप विजेता बन्यो। ऐतिहासिक रूपमा अमेरिकाले सफलता चुमे पनि मैदानबाहिर विवादमुक्त हुन सकेन। अमेरिकी खेलाडी मेगन रापिनोले मैदानमै आफ्नै राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध नराम्रो प्रतिक्रिया दिइन्। ट्रम्पले अमेरिका विश्वकप विजेता हुँदा मैदानमै खेलाडीलाई बधाई दिन सोसल मिडियामा प्रतिक्रिया दिएका थिए। विश्वकपमा थाइल्यान्डमाथि १३-० को जित निकाल्दा ट्रम्पले फाइनलको दिन आफ्नो योजना सार्वजनिक गरेका थिए। तर, ह्वाइट हाउसबाट खेलाडीलाई केही नगरेको र पुरुषत्ववादी हाबी भएको अमेरिकन खेलाडीले आरोप लगाएका थिए। विश्व च्याम्पियनको 'जस' लिन मात्र मैदानमा आउन चाहेका राष्ट्रपतिका रूपमा ट्रम्पको विरोध भयो। अमेरिकाले विश्वकप जित्दा राष्ट्रपति मैदानमा जान सकेनन्। खेलाडीले आफैं एकल प्रयासमा विश्वकप ट्रफी उचालेको जनाए।



७ गोल्डेन गोलको अवधारणा (२००७)



फिफाले गोल्डेन गोलको अवधारणा यसपटक पनि लागू गऱ्यो। ९० मिनेटपछि अतिरिक्त समयमा पहिलो गोल गर्ने टोली नै विजयी हुन्थ्यो। यसैलाई फिफाले गोल्डेन गोल भनेको थियो। यद्यपि, गोल्डेन गोलको निकै विवाद आएपछि फिफाले यसलाई अर्को संस्करणमा लागू गरेन। निर्धारित र थप अतिरिक्त समयपछि टाइब्रेकरबाट नतिजा निकाल्यो। जर्मनीले नकआउट चरणमा स्विडेनलाई यसै गोल्डेन गोलमै हराएको थियो। गोल्डेन गोलमा विजयी हुने जर्मनी पहिलो टोली बन्यो। जर्मनीका लागि कुन्जेरले सो गोल गरेकी थिइन्।

८ भिएआरको प्रयोग (२०१९)

प्रत्येक विश्वकपमा फिफाले केही न केही प्रयोग गर्दै आइरहेको थियो। सन् २०१९ को संस्करणमा फिफाले भिएआर लागू गऱ्यो। इंग्ल्यान्ड र क्यामरुनबीचको खेलमा भिएआर प्रयोग भएको थियो। फ्रान्समा प्रतियोगिता सुरु हुनुअघि तीन महिनाअगाडि फिफाले प्राविधिक पक्ष परिक्षण गऱ्यो। यद्यपि, त्यो विवादरहित भने हुन सकेन। क्यामरुनको एक गोलमा भिएआरले अस्वीकार गरेको थियो। दक्षिण अफ्रिकी महादेशका खेलाडीले मैदानमा त्यसको विरोध जनाए।

९ थोरै विज्ञापन

सन् १९९१ मा फिफाले पहिलोपटक महिला विश्वकप आयोजना गऱ्यो। यसमा फिफाले त्यति मार्केट गर्न सकेन। पुरुषको तुलनामा महिलाहरूको विश्वकप फितलो हुने जनाउँदै विज्ञापन दर्तावालाले लगानी गर्न रुचाएनन्। पहिलोपटकको विश्वकप संस्करणमा विश्वप्रसिद्ध कम्पनीहरूले चासो नदेखाउँदा आयोजकले बल्ल आफ्नो लगानी उठाएको थियो। अमेरिकाले पहिलो संस्करण उचाल्दा सबै खेल लाइभ हुन सकेन।

१० पूर्वविजेताविहीन सेमिफाइनल (२०२३)



अहिले अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा विश्वकप आयोजना गरिरहेका छन्। यसपटक विश्वकपमा नयाँ विजेता आउने पक्का छ। स्पेन र इंग्ल्यान्डबीच उपाधि भिडन्त आगामी आइतबार हुनेछ। यसपटकको विश्वकप सेमिफाइनल पूर्वविजेताविहीन भयो। पूर्वविजेताहरू क्वार्टरफाइनलअगाडि बढ्न सकेनन्। सर्वाधिक चारपटकको च्याम्पियन अमेरिका प्रिक्वार्टरफाइनलबाट बाहिरियो। पूर्वविजेता जर्मनी समूह चरणबाटै घर फर्कियो। जापान क्वार्टरफाइनलमै स्विडेनसँग पराजित भयो। जापान बाहिरिएपछि चालू विश्वकपमा नयाँ विजेता आउने निश्चित भएको हो।

एजेन्सीको सहयोगमा

कोहलीको १५ वर्षे क्रिकेट करिअरको नालीबेली

नयाँदिल्ली / सन् २००८ मा विराट कोहलीले भारतका लागि श्रीलंकाविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेका थिए। उनले क्रिकेटमा पदार्पण गरेको शुक्रबार १५ वर्ष पूरा भएको छ। सचिन तेन्दुलकर, गौतम गम्भीर, वीरेन्द्र सेहवाग, सौरभ गांगुली, भिभिएस लक्ष्मण र महेन्द्रसिंह धोनीजस्ता खेलाडीको दबदबा रहँदा उनको प्रदर्शन सधैं छायामा परेको थियो। यी दिग्गज खेलाडीको सन्न्यासलगत्तै कोहली अन्तर्राष्ट्रिय क्रिकेटमा छाए। अन्तर्राष्ट्रिय क्रिकेटमा १५ वर्ष पूरा गर्दा उनले क्रिजमा पाँच सय किलोमिटर दौडिएको भारतीय एजेन्सीहरूले जनाएका छन्।

उनले आफैंले रन लिँदा दुई सय ७७ किमि र साथीका लागि रन लिन दौडिँदा दुई सय ३३ किमि पार गरे। भारतका लागि अहिले सर्वाधिक अन्तर्राष्ट्रिय शतक लगाउनेमा उनी दोस्रो खेलाडी हुन्। शीर्ष स्थानमा सचिन नै छन्। यद्यपि, उनले सचिनको विश्व कीर्तिमान सय शतक पछ्याइरहेका छन्। उनले अहिलेसम्म ५० ओभर, टेस्ट र अन्तर्राष्ट्रिय टी-२० क्रिकेट गरी पाँच सय एक खेल खेलेका छन्। यसक्रममा उनले ७६ शतकका साथ २५ हजार पाँच सय ८२ रन बटुलेका छन्।

विश्वकप डेब्युमै शतक

उनले एकदिवसीय विश्वकपको डेब्यु खेलमा शतक तथा टी-२० विश्वकपको पहिलो खेलमै अर्धशतकीय इनिङ्स खेले। विश्व क्रिकेटमा यस्तो सफलता प्राप्त गर्ने उनी पहिलो खेलाडी हुन्। सन् २०११ को विश्वकप उनको डेब्यु थियो। उनले बंगलादेशविरुद्ध शतक जोडेका थिए। सन् २०१२ को टी-२० विश्वकपमा उनले अफगानिस्तानविरुद्ध अर्धशतक बनाए।

सात आयोजक राष्ट्रविरुद्ध बलिया खेलाडी

उनले अहिलेसम्म नौ राष्ट्रविरुद्ध शतकीय इनिङ्स खेलेका छन्। जुन राष्ट्रले एकदिवसीय खेलको आयोजना गरेका हुन्छन्, त्यसमध्ये उनले सात राष्ट्रविरुद्ध शतक खेलेका छन्। उनले बंगलादेशको भूमिमा मात्र शतक बनाउन सकेनन्। उनले अस्ट्रेलिया, इंग्ल्यान्ड, न्युजिल्यान्ड, श्रीलंका, दक्षिण अफ्रिका र वेस्ट इन्डिज भूमिमा एकदिवसीय तथा टेस्ट फर्म्याटमा शतक लगाएका छन्।

दोहोरो शतकको रेकर्ड

सन् २०१६ सम्म उनले ४१ टेस्टमा ११ शतक पूरा गरिसकेका थिए। यसक्रममा उनले एकपटक मात्र एक सय ५० रनमाथि योगदान दिए। तर, सन् २०१६ देखि ०१९ सम्म उनको ब्याटिङ यस्तो चल्यो कि प्रत्येक खेलमा रेकर्ड बनाए। यो तीन वर्षको अवधिमा उनले टेस्ट खेलमा १५ शतक लगाएका थिए। जसमध्ये सातपटक दोहोरो शतक नै बनेको थियो। कोहली लगातार चार टेस्ट सिरिजमा दोहोरो शतक लगाउने विश्वकै पहिलो ब्याट्सम्यान हुन्। उनले वेस्ट इन्डिज, न्युजिल्यान्ड, इंग्ल्यान्ड र बंगलादेशविरुद्ध दोहोरो शतक लगाए।

ओपनिङमा डेब्यु गर्ने युवा खेलाडी

भारतका लागि ओपनिङमा डेब्यु गर्ने उनी कम उमेरका हुन्। सन् २००८ मा श्रीलंकाविरुद्ध डेब्यु गर्दा उनको उमेर १९ वर्ष दुई सय ८७ दिन थियो। यस सिरिजमा उनले पाँचपटक ओपनिङ अवसर पाए। १५ वर्षको क्रिकेट करिअरमा उनले केवल दुई सिरिजमा मात्र ओपनिङ गरेका थिए। उनीभन्दा अगाडि पार्थिव पटेल, युवराज सिंह र विनोद काम्बलीले कम उमेरमा ओपनिङ गरेका थिए।

८३ भेन्यु ४६ शतक

कोहलीले अहिलेसम्मका अन्तर्राष्ट्रिय क्रिकेटमा ८३ भेन्युमा प्रतिस्पर्धा गरेका छन्। यसक्रममा उनले ४६ भेन्युमा शतकीय इनिङ्स खेले। अहिलेसम्म ७६ शतक बनाएका उनले अस्ट्रेलियाको एडिलेड र ओभलमा सर्वाधिक पाँच शतक जोडेका छन्। सचिनले ५३ भेन्युमा शतकीय इनिङ्स खेलेका थिए।



भारतका लागि छिटो शतक

भारतको एकदिवसीय इतिहासमा कम बलमा शतक लगाउने कोहली पहिलो ब्याट्सम्यान हुन्। उनले सन् २०१३ मा अस्ट्रेलियाविरुद्ध जयपुरमा भएको खेलमा केवल ५२ बलमा शतक ठोके। सो खेलमा उनी २७औं ओभरमा क्रिजमा आएका थिए। अस्ट्रेलियाविरुद्धको सिरिजअन्तर्गत नागपुरमा उनले ६१ खेलमा शतक लगाउन सफल भए। यस खेलमा उनी ३०औं ओभरमा ब्याटिङ गर्न आएका थिए।

अभ्यासका क्रममा रेफ्री चौधरीको मृत्यु

काठमाडौं / नेपाली सेनाको मुख्यालय भद्रकाली मैदानमा अभ्यासका क्रममा लडेका फिफा सहायक रेफ्री विक्रम चौधरीको मृत्यु भएको छ। नेपाली सेनाका हवल्दारसमेत रहेका चौधरी शुक्रबार बिहान भद्रकाली मैदानमा अभ्यासका क्रममा मैदानमै ढलेका थिए। मैदानभित्र प्राथमिक उपचारपछि उनलाई छाउनी अस्पताल पुऱ्याइएको थियो। ३६ वर्षीय चौधरीलाई केही समयपछि मृत घोषणा गरिएको थियो। बिहान पौने ९ बजे मैदान पुगेर सेन्थेटिक ट्र्याकमा दौडिएका उनले बीचमै 'ल्याप' छाडेका थिए।

अर्को महिना उनी फिफा रेफ्री ब्याच नवीकरणको तयारीमा थिए। चौधरीसँगै आर्मीका दुई सहायक रेफ्री प्रवीण गौतम र गणेश चौधरी पनि सँगै दौडिए। 'सुरुमा सामान्य अवस्थाजस्तै लाग्यो, आठौं ल्यापपछि उहाँले दौडिन सक्दिनँ भन्नुभयो,' चौधरीसँगै दौडिएका गौतमले भने, 'मैले आफ्नो तयारी गरिरहेको थिएँ, उहाँ मैदानमै ढलेपछि अभ्यास छाडेर पुग्दा बेहोसी अवस्थामा पाएँ।'

मैदानमा ढलेका चौधरीलाई तत्कालै प्राथमिक उपचार गराउन मेडिकल टिमलाई बोलाउँदै सिपिआर दिइएको थियो। ढलेको १५ मिनेटभित्रै उनलाई छाउनी अस्पताल पुऱ्याइयो। 'बेहोस भएपछि मैदानमा सिपिआर दियौं, हामीले लगत्तै अस्पताल पुऱ्यायौं, तर चिकित्सकहरूले मृत घोषणा गर्नुभयो,' गौतमले भने। ब्यारेकबाट तीन रेफ्रीहरू अभ्यासका लागि बिहान सवा आठ बजे भद्रकाली मैदानमा पुगेका थिए। सामान्य अवस्था रहँदा तीनै रेफ्रीले नियमित अभ्यास सुरु गरेका हुन्। गणेशले चौथो ल्यापमै दौड छाडेका थिए। आठौं ल्यापमा विक्रमले पनि आफू नसक्ने भन्दै दौड छाडेका हुन्। मैदानमा चौधरी लडेको देखेपछि गौतमले पनि अभ्यास छाडेका थिए।

दुई वर्षदेखि फिफा रेफ्री

निरन्तर एक दशकदेखि चौधरी अफिसियल रूपमै कार्यरत रहे। दुई वर्षअगाडि उनी फिफा सहायक रेफ्री नियुक्त भएका थिए। विक्रम र किसन कन्हैया यादवले एकैपटक फिफा सहायक रेफ्री ब्याज पाएका हुन्। सर्लाहीका स्थानीय बासिन्दा विक्रम सन् २००७ यता एन्फा रेफ्री, राष्ट्रिय रेफ्री हुँदै ०७८ मा फिफा रेफ्री भएका थिए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com